# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हिन्दु समाजले वर्ण व्यवस्था भित्रको चौथो वर्ण शुद्र जातिलाई परम्परादेखि नै 'अछुत' भन्दै आएको छ । यिनै अछुतहरुलाई दलित शब्दले सम्बोधन गर्ने प्रथम भारतका प्रसिद्ध विद्वान तल्लो वर्गका उच्च नेता डा. भीमराव अम्बेडकर हुन् । उनले 'दलित' मुक्तिका लागि सङ्घर्ष गर्ने क्रममा भारतका अछुतहरुलाई सन् १९२७ मा दलित शब्दद्वारा सम्बोधन गरेका थिए (पाण्डे, २०६४) । आर्थिक राजनैतिक, सामाजिक, साँस्कृतिक सबै दृष्टिकोणले पछाडि पारेर अधिकार, सुविधा र अवसरबाट बञ्चित गरिएको समाजका लागि अत्यावश्यक तर फोहर सँग तुलना हुनु धेरै श्रम गर्नु पर्ने र अप्ठ्यारा खालका काम गर्न बाध्य पारिएको, परम्परागत रुपमा घृणा र दोष फैलाएर 'नीच दलित' तल्लो जात र अछुत भन्दै अपेक्षा गरिएको समुदाय नै आजको हाम्रो समाजको दलित समुदाय हो (पौडेल, २०६२) ।

उच्च जातिय शासकहरुले शताब्दीयौं देखि वर्ण व्यवस्थामा आधारित अन्यायपूर्ण र विभेदकारी नीति र परम्परालाई राज्य सञ्चालनको आधारमानी समाजको ठूलो हिस्सा दलितहरुलाई शिक्षा, सत्ता र सम्पत्तिबाट वञ्चित गरायो जसको फल स्वरुप दलितहरु विभिन्न हिंसाका शिकार हुन पुगे । दलितहरु माथिल्ला जातबाट शोषित, दमित र पिडित छन् । पेशागत रुपमा स्वतन्त्र छैनन् । छुवाछुतको भेदभाव बाट प्रभावित छन् । विद्यमान असमानता र विभेद हटाउन राज्यबाट समय समयमा विभिन्न प्रयासहरु नभएका होइनन् तर प्रभावकारी कार्यान्वयनको अभावका कारण ति कानुनी प्रयासहरु सफल हुन नसक्दा दलित समुदायको अवस्था जस्ताको त्यस्तै रहन गयो (आहुती, २०६७) ।

नेपालमा बसोबास गर्दै आइरहेका दलितहरुलाई उनीहरुको पेशा, रहनसहनको आधारमा वर्गीकरण गरेका पाइन्छ । कुन पेशा कुन दलितले गर्दछ सोही पेशा गर्नेको आधारमा जातजातिमा विभाजन गरी कार्यको बाँडफाँड गर्ने काम गरिएको छ । दलितहरुको पेशा सबैको एउटै हुँदैन । जस्तै पहाडिया दलितहरुमा फलामको काम गर्ने कामी, लुगा सिउने दमाई, छलाको काम गर्ने सार्की, सुनको काम गर्ने सुनार आदि कामका आधारमा दलितको नामाकरण गरिएको छ (आहुती, २०६७) ।

नेपालको प्राय पूर्व देखि पश्चिम सम्म दलितहरु छरिएर रहेका छन् र यिनिहरुको बसोबास उपल्ला जातिहरु भएको बस्ति भन्दा केही टाढा रहेको हुन्छ । नेपालको प्राय सबै भु-भागमा बसोबास गर्ने दलित समुदायहरुको अवस्था सबैको एकानासको नभएको देखिन्छ (पाण्डेय, २०६४) । यस्तो सम्पूर्ण दलितहरुको अवस्थाको अध्ययन गर्न सम्भव नभएकाले गोरखा जिल्लाको बगुवा गा.वि.स.वडा नं. ८ मा

बस्ने दलित समुदायमा छुवाछुतको अवस्था र त्यसमा के कस्ता परिवर्तनहरु आए भन्ने विषयमा यो शोधपत्र केन्द्रित रहने छ ।

दक्षिण यसियाली उप महादिपको आजको भारतमा करीव ३५ बर्ष अघि वर्ण व्यबस्थाको जग हालिएको थियो भन्ने मानिन्छ । करीव २ हजार बर्ष पहिले ब्राह्मण राजा मनुको शासनकालमा वर्ण व्यबस्था माथि छुवाछुत समेत लादियो। त्यस बेला देखी समाजको सवै भन्दा तल परेका श्रमजिवी जनता बिच फुट पार्न शोषक वर्गिय कथित उच्च जातीय शासनलाई दिर्घजिवी वनाउन छुवाछुत सहितको वर्ण व्यबस्था लाई व्यबस्थित रुपमा कठोर पार्दै लगियो त्यस क्रममा हिन्दु धर्मिय शासन एसियामा जहाँजहा फैलियो त्या त्याहा यो छुवाछुत सहितको वर्ण व्यबस्था फैलिन पुग्यो भारत बाट हिन्दुभर्मिय सासक र जनता आजको नेपाल खण्डमा प्रवेश गर्ने क्रम संगै त्याहा पनि यो वर्ण व्यबस्था हाई पुग्यो । कुरा ईतिहाँस सिद्व भई सकेको छ । (आहुती २०६७)

नेपालमा काठमाण्डौ उपत्यका पश्चिम नेपाल र पधेशमा छुवाछुत सहितको वर्ण व्यबस्थालाई व्यबस्थित पार्ने क्रममा शासक जातीहरुले दलित समुदायलाई हेपेर अपमानित गर्दै शुद्र, अछुत, पानी अचल। थि मज्यूपीँ, कुजात, पउनी आदी विभिन्न नाम दिए । ती अपमान जनक शव्दावली देशका विभिन्न भागमा कथित उच्च जातीका सदस्यले आज सम्म पनि प्रयोग गरि रहेको भेटिन्छ । (आहुती २०६७)

नेपालमा सामान्ती राणा शासन विरोधी प्रजातान्त्रिक आन्दोलनको हाराहारी देखी नै दलित मुक्ति आन्दोलन पनि संगठित रुपमा शुरु भयो । ००३ साल देखी ०२३ साल सम्म दलित संगठनको नाममा कहिले परिगणीत, कहिले अछुत कहिले अति पिछडा  कहिले हरिजन जस्ता शब्द दलित समुदायलाई चिनाउन प्रयोग गरिएका थिए  ०२३ साल सम्म दलित शव्दको प्रयोग संगठनको नाममा प्रयोग भई सकेको थिएन ।

हिन्दुसमाजमा वर्ण व्यबस्था अनुशार अछुत बनाईएका अनगिन्ती जात (ऋबकत) लाई साझा नामका रुपमा दलित शव्दले संवोधन गर्ने व्यक्ति भारतका प्रसिद्व दलित नेता डा.भीम राव अम्बेडकर थिए । सन १९२७ को वरीवरी देखी उनको नेतृत्वमा भारतमा चलेको दलित आन्दोनको क्रममै दलित शव्दको प्रयोग व्यापक बनेको थियो यसरी प्रयोग हुने क्रममा दलित शव्द हिन्दु समाजमा विभिन्न जातीय समुह भित्रका अछुत बनाईएका जातहरुको साझा समुदायगत नामका रुपमा स्थापित हुन पुग्यो । (आहुती २०६७)

नेपाली र हिन्दी शव्द कोषमा दलित शव्दको सामान्य अर्थ हेपिएको दलिएको पिसिएको भन्ने रहेको छ । तर भारतीय र नेपाली दलित मुक्ति आन्दोलनले दलित शव्दको अर्थ अव त्यतीमा मात्र सिमीत रहन

दिएन । अव यो शव्दले हिन्दुसमाजमा पानी अभल बनाईएका जातहरुको साझा समुदायगत नामको अर्थ समेत ग्रहण गर्न पुगि सक्यो । (आहुती २०६७)

भारतको दलित आन्दोलन बाट स्थापित दलित शव्दलाई नोपालमा २०२४ सालमा गठित नेपाल राष्ट्रिय दलित जन विकास परिषदको नाममा पहिलो चोटी प्रयोग गरियो । त्यस पछि दलित शव्द याहा पनि दलित आन्दोलन र राजनितिक एवं सामाजिक क्षेत्रमा स्थापित हुन पुग्यो । आहुती २०६७

दलित शव्द प्रयोगको यस क्रम हेर्दा केहि पक्ष स्पष्ट रुपमा देखिन्छ । एक दलित नाम कुनै शासक जातीले हेपेर दिएको नाम होईन बरु दलित आन्दोलनबाट विकसित भएको साझा परिचय हो । साझा नाम हो । (आहुती २०६७)

दुई वर्ण व्यबस्था अनुसार पानी अभल बनाईएका जात एउटै जातीय समुह भित्रका मात्रै छैनन् यी जात खस पहाडिया, मधेशी र नेवार गरी तीन वटा समुदायका छन् त्यसैले दलित शव्दले यी तिनै समुदायका पानी अचल बनाईएका जातको साझा परिचय दिन सक्ने अर्थ बोकिसकेको छ । आज साझा नाम बनेको दलित शव्दलाई प्रयोग नगर्ने हो भने यो आन्दोलनलाई कसरी संवोधान गर्ने ? त्यसका निम्ति पनि आफ्नै आन्दोलनबाट सृजित गर्व गर्न सकिने साझा नाम दलितै हुन सक्ने प्रष्ट छ । (आहुती २०६७)

नेपाली दलित मुक्ति आन्दोलनमा यस्ता तर्क पनि बेलाबेला कतिपयले उठाउने गरेका छन् । हामीले आफुलाई दलित भन्नु हुँदैन आफैले आफुलाई तल किन ठान्ने ? यस्ता तर्कका सन्दर्भमा बझ्नुपर्ने पहिलो कुरो हो । दलित अरुले हेपेर दिएको नाम हैन यो दलितको गर्भिलो आन्दोलनबाट स्थापित शव्द हो । दोस्रो कुरा दलित भन्नुआफुतल भएको स्वीकार्नु होईन बरु आफुलाई अत्याचार गरिएको छ भन्नुहो । ( आहुती २०६७)

तेस्रो कुरा दलित आफुलाई दलित बताएकै कारण अत्याचार भएको होईन बरु अत्याचार गर्ने सामाजिक व्यबस्था विद्यमान भएकाले अत्याचार भएको हो । कतिपयले हामीले आफुलाई दलित भनि रहे पछि त सधैं यस्तै रहन्छ । भन्ने तर्फ पनि गर्ने गर्दछन् । वास्तवमा यो कुरा सत्य होईन हाम्रै समाजका केहि उदाहरणबाट पनि यो कुरा प्रष्ट हुन सक्छ । जस्तै नेवार जाती भित्रको सायमी अथवा मानन्धर जातका मानीसलाई पहिले छुवाछुत गरिन्थ्यो तर राणा शासनको हुकुमले मानन्धरहरुको पानी चलाई दिए पछि उनीहरु अछुत रहेनन् मानन्धरहरुले पहिले पनि आफुलाई मानन्धर भन्थे अहिले पनि भन्छन् । तर त्यसले उनीहरुलाई केहि फरक पारेन मुल कुरा राजनीतिक सामाजिक व्यबस्था हो । समाजमा छुवाछुत अन्त्य

हुन्छ भन्ने दलित माथि गरिने सबै अत्याचार र शोषण समाप्त हुन्छ भन्ने दलित परिचय एउटा सम्मानजनक पहिचान वा सामान्य परिचय भन्ने निश्चित छ । (आहुती २०६७)

## १.२ समस्याको कथन

आजभन्दा करिब दुई हजार वर्ष अघि भारतमा उत्पत्ति भइ मल्लकालमा नेपाल प्रवेश गरेको जातीय छुवाछुत प्रथा, आज पनि नेपाली समाज, जीवनको अभिन्न अङ्गको रुपमा रहि आएको छ ( आहुती, २०६७) । जंगबहादुर राणाले लिखित कानुनको रुपमा वि. सं. १९१० मा नेपालको प्रथम मुलुकी ऐन लागु भएपछि जाति प्रथालाई बढी कानुन बद्ध गरियो । तथापी यो प्रचलनलाई कानुनी रुपमा अन्त्य गर्नको लागि वि. सं. २०२० भदौ १ गते गरिएको नया मुलुकी ऐनले छुवाछुत सम्बन्धी पुराना ऐनका व्यवस्थालाई समाप्त गऱ्यो । कानुनी रुपमा समाधान गर्न खोजिए पनि त्यो समाजिक कानुनी समानताको नियमलाई आत्मसात गर्दै व्यवहारमा उर्तान प्रयास माथिल्ला जातिहरुबाट विल्कुलै भएन । अन्तः बहुदलितय प्रजातन्त्रको पुनर्स्थापना पश्चात बनेको नेपाल अधिराज्यको संविधान २०४७ समेत अझ बढी सशक्त रुपमा जातिय समानता ल्याउने कानुनी प्रावधानलाई व्यवस्थित बनाइए तापनि छुवाछुत प्रथा नेपालमा जिवितै रहिरऱ्यो र वर्तमान समयमा पनि छुवाछुत प्रथा जिवितै रहेको छ (पौडेल, २०६२) ।

फलस्वरुप दलित जातिहरु समग्र रुपमा पछाडि पारिएका छन् । राज्य स्तरबाट दलितहरुका लागि भनेर बनाइएका विकास प्रक्रियाहरु सफल हुन नसके पनि दलितहरु स्वयम व्यक्तित्व विकास गर्न खोज्दा पनि विभिन्न सामाजिक बन्देजका कारण उनिहरु अगाडि बढ्न नसक्ने अवस्था रहेको छ । वर्तमान समयमा अएर पनि चाहे शहर होस वा ग्रामीण क्षेत्र दलितहरु छुवाछुतको भेदभावबाट प्रभावित र पिडित नै छन् ।

नेपालको दलित मुक्ति आन्दोलनात्मक गतिविधिका हिसावले शुरु देखी नै निकै प्रखर रह्यो तर यसले आफुलाई प्रज्ञिक स्तरमा भने लामो समय सम्म उठाउन सकेको थिएन । सिङ्गो नेपाली समाजको अग्रगामी परिवर्तन र दलित आन्दोलनको सम्बन्ध दलित समस्याको आयामको सहि निरुपन, दलित मुक्तिको राजनैतिक लक्ष र कार्यक्रम को निर्धारण जस्ता गम्भिर बिषयमा सैद्वान्तिक ढंगले समयमै बहस शुरु हुन सकेन । बि.सं.००३ को आसपास देखी २०२३ साल सम्म दलित आन्दोलनको मुख्य नारा छुवाछुतको विरोध थियो । २०२९ सालमा पुगेपछि मात्र बल्ल छुवाछुतको विरोध संगसंगै आरक्षणको मागको नारा पनि थपियो । २०२९ सालमा आरक्षणको मागले प्रवेश पाए पनि त्यस वारे सैद्वान्तिक रचनाहरु देखा परेनन् । बरु त्यो भारतमा अंगालिएको आरक्षण कार्यक्रमको सिको गरेर मात्र माग उठाईएको स्तरमा सिमित रह्यो ।

०३४ को वरपर तत्कालिन मक्युनिस्ट नेता रुपलाल विश्वकर्मको नेतृत्वमा दलित आन्दोलनलाई कम्युनिष्ट आन्दोलन संग जोड्ने प्रयतन गरेका देखिए पनि त्यो जिल्लास्तरमा मात्र सिमीत रह्यो । ०४३ सालमा पुगे पछि दलित आन्दोलनमा बामपन्थि युवाको प्रवेश ह्वात्तै बढ्यो । ०४३ वरपर दलित मुक्तिको प्रश्नलाई राजनैतिक व्यबस्था संग समेत जोडेर हेर्नु पर्दछ भन्ने कुराको शैद्धान्तिकरण र दलित आन्दोलनलाई पञ्चायत विरोधि आन्दोलनको रुप दिने प्रयन्त शुरु गरियो । यो अन्दोलन पछि विस्तारै दलित आन्दोलनलाई प्राग्कि स्तरमा उठाउने प्रयन्तको पनि थालनि भयो । ०४६को परिवर्तन पश्चात बल्ल दलित लेखकहरु देखा पर्न थाले । पहिलेको अबस्था फेरिन थाल्यो । मात्रा र गुणा दुवै हिसावले दलित आनदोलन माथि उठ्यो । पचासको दशक शुरु हुँदा बल्ल दलित आन्दोलन आर्थिक मुक्रिको प्रश्नलाई आन्दोलनको नारा बनाउन सफल भयो र पचास दसकको अन्त सम्म आउदा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनितिक गरी तिनै क्षेत्रका समस्याको पहिचान सहित दलित मुक्तिको स्पष्ट कार्यदिशा निर्माण सम्भव भयो । (आहुती २०६७)

०४६ सालको परिवर्तन पछिको खुल्ला राजनैतिक परिवेशमा उत्पिडित समुदायहरुले आफ्नो आफ्नो मुक्तिका आकांक्षालाई संगठित रुपमा मुखरित गर्न थाले जसले संकटलाई झनै चर्काउदै लाग्यो तर २०४६ पछि स्थापित राज्य सत्ताले राज्य र समाजका उत्पिडनकारी एवं शोषण मुखि संरचनालाई भत्काउने कामलाई उपेक्षा गर्‍यो । एकातिर उत्पिडनकारी र शोषणमुखि हिन्दु समान्तवादी संरचनाबाट मुक्तिको आकांक्षा, अर्को तिर राज्यले लगातार गर्दै आएको उपेक्षा, यहि स्थितिको समग्रतामा २०४६ पछि राजनैतिक आन्दोलन तिव्र रुपमा अघि बढ्न थाल्यो । यहि असन्तुष्टिमय परिवेश मै माओवादी युद्धको जन्म र विस्तार समेत हुने वातावरण तयार भयो । (आहुती २०६७)

यसरी विकसित भएका संकटलाई नकारात्मक कोणबाट हल गर्न र आफ्नो स्वर्गलाई रक्षा गर्न राजतन्त्रले निरंकुस तन्त्र लादेको थियो तर बस्तुगत संकट चर्कि सकेको थियो आमजनताको चेतना वृद्धि भई सकेको र असन्तुष्टिलाई संवोधन गर्दै माओवादी युद्ध समेत विकसित भई सकेको थियो यथार्थमा राजाले संकटलाई दमन गरेर हल गर्न सक्ने सम्भावना नै थिएन । त्यसैले ०६२/६३ को जनआन्दोलनमा मुलतः तीनवटा लक्षलाई अघि सार्ने स्थिति तयार हुन पुग्यो । एकपटक जनताका आधारभूत राजनैतिक अधिकार खोस्ने राजतन्त्रको अन्त्य गर्ने दुई राज्य र समाजलाई पुनर्संरचना गर्न संविधान सभा मार्फत अग्रगामी परिवर्तन गर्ने र सशस्त्र द्वन्दको अन्त्य गरी शान्ति स्थापना कायम गर्ने । (आहुती २०६७)

विभिन्न राजनैतिक आन्दोलन, परिवर्तनको बावजुत पनि दलितहरु प्रतिको छुवाछुतमा उल्लेख्य सुधार आउन नसकि अझै दलितहरु पिडित नै भएको पाईन्छ ।

तसर्थ यो अध्ययन अनुसन्धान प्रस्ताव दलित समुदायमा पनि पहाडिया दलितहरु बसोबास गर्ने गोरखा जिल्लाको बगुवा गा.वि.स. वडा नं. ८ का दलितहरुमा छुवाछुतको अवस्था र त्यसमा आएका परितर्वन विषयमा विशेष गरि निम्न शोध समस्याहरुसँग सम्बद्ध भएर यो शोध तयार गरिएको छ ।

क) बगुवा वडा नं. ८ मा छुवाछुतको अवस्था के कस्तो रुपमा रहेको छ ?

ख) बगुवा वडा नं. ८ मा छुवाछुत कायम बनाई राख्न के कस्ता सामाजिक संस्थाहरु ले भुमिका खेलेका छन् ? र ती सामाजिक संस्थाहरुले छुवाछुत कायम गरी राख्न कसरी त्यसको बचाउ गरिराखेको छन् ?

ग) आजभन्दा २० वर्ष अघि छुवाछुतको अवस्था के कस्तो थियो र हाल आएर त्यसमा के कस्ता परिवर्तनहरु भएका छन् ?

घ) छुवाछुतको अवस्थामा परिवर्तन ल्याउन सामाजिक संस्थाहरुले के कस्ता भुमिका खेलेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

दलतिहरुको छुवाछुतको अवस्था र त्यसमा आएको परिवर्तन को व्याख्या र विश्लेषण गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेका छन् । यस अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् ।

क) विद्यमान छुवाछतको अवस्थाको बारेमा लेखा जोखा गर्ने र विभिन्न सामाजिक आर्थिक संस्थाहरुले छुवाछुतलाई कसरी कायम गरीराखेका छन् ? त्यसको वर्णन गर्ने

ख) छुवाछुतको अवस्थामा आएको परिवर्तनका बारेमा वर्णन गर्ने ।

## १.४ अध्ययनको महत्व

समाजशास्त्रीय दृष्टिकोणमा समाजमा रहने दलितहरुको अध्ययन एउटा महत्वपूर्ण अध्ययन हो । विगत देखि वर्तमान अवस्था सम्ममा छुवाछुतमा के कस्ता परिवर्तन आएका छन् वा छैनन् भन्ने कुराको जानकारी प्राप्त गर्नुका साथै अध्ययन क्षेत्रका दलितहरुमा छुवाछुतले पारेको प्रभाव र दलितहरुको शिक्षा, स्वास्थ्य, पेशा आदिमा भएको सुधारको बारेमा थाहा पाउन सकिने छ । यस्ता अध्ययनहरुले स्थानिय स्तरमा रहेका दलितहरुको सामाजिक स्वरुप र छुवाछुतले पारेको प्रभावको स्थितिको बारेमा जनाकारी प्राप्त गर्नुका साथै यसै विषयमा अध्ययन अनुसन्धानमा चासो राख्ने अनुसन्धानकर्ताहरुका लागि अध्ययनमा सहयोग पुग्ने छ ।

कुनै पनि अनसशन्धानको आफ्नै किसिमको महत्व रहेको हुन्छ । यस अनुसन्धानले पनि एउटा परिवार, समाज एवं राष्ट्रको समान भेदभावपूर्ण एवं सम्वृद्ध विकासको लागि सहयोगी भुमिका निर्वाह गर्ने छ । साथै दलितहरु प्रति हुने हिंसा, दमन एवं कठोर छुवाछुत प्रथालाई केहि मात्रामा भए पनि

हटाउने कोशिश गर्ने छ, सहयोग गर्ने छ । सबैलाई समान किसिमको अवसर प्रदान गरी दलितहरुपनि केहि गर्न सक्छन् । उनीहरु पनि अरु सरह एवं आर्यहरु भन्दा केहि कमि छैनन् भन्ने धारणको बिकास गर्न सहयोग पुर्‍याउछ ।

यो अध्ययन पुर्ण रुपमा गोरखा जिल्लाको बगुवा गा.वि.स. वार्ड नं.८ मा गरिएका स्थलगत अध्ययनमा आधारित भएकोले कुनै यस्तो प्रकारबाट अध्ययन गर्न चाहिने पक्षलाई सन्दर्भ साहित्यको रुपमा मद्धत पुग्न सक्ने छ । दलितहरुको सशक्तिकरणमा लागि परेका संघसंस्थाहरु, व्यक्तिहरु, नीति निर्माता तथा योजनाकारहरुलाई सानै क्षेत्रको भए पनि दलितहरुको आर्थिक एवं सामाजिक आवस्था तथा कारणहरुको जानकारी दिई दलितहरुको सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक एवं परम्परागत अवस्थामा सुधार ल्याउन मद्धत पुर्‍याउन सक्ने अपेक्षा गरिन्छ ।

यस अध्ययनले गोरखा जिल्लामा दलितहरुको वैदेशिक रोजगार प्रतिको आकषण र त्यसले विभिन्न सामाजिक, आर्थिक, शैक्षिक लगायतका पक्षमा पारेको प्रभावलाई देखाईएको छ । जसले गर्दा विभिनन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले दलितहरुको हित हुने खालका योजना तथा कार्यक्रम बनाएर गोरखा लगाएत विभिन्न जिल्लामा दलित हित उपयोगी विभिन्न कार्यक्रमहरु संचालन गर्न सक्ने छन् । जसले गर्दा सोषित, दमित एवं पिडित दलितहरु आफ्नो पराम्परागत पेशा एवं मुल्या मान्यतालाई पन्छाएर आयमुलम, आधुनिक मान्यताका साथ अगाडी बढ्न सक्ने छन् ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई मुख्य रुपले छ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठन समावेश गरिएको छ ।

दोस्रो अध्यायमा दलित समुदाय प्रतिको जातिय छुवाछुतका साथै सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक अवस्था सम्बन्धमा गरिएका विभिन्न अध्ययनहरुलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा अनुसन्धान विधि अन्तरगर्त अध्ययन क्षेत्रको छनौट र औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, नमुना छनौट, तथ्याङ्क संकलन विधि समावेश गरिएको छ । त्यस्तै तथ्याङ्क विश्लेषण प्रक्रिया र अध्ययनको सिमा आदि समावेश गरिएको छ ।

त्यसै गरी चौथो अध्यायमा छुवाछुतको अवस्था बारेमा विभिन्न शिर्षक अन्तरगत रहेर उत्तरदाताबाट आएको जानकारीलाई समावेश गरिएको छ । जस अन्तर्गत अध्ययन स्थलको सामान्य

परिचय, दलित समुदायको सामान्य परिचय, जनसंख्या, दलितका थरहरु, विधमान छुवाछुतको अवस्था, सामाजिक आर्थिक राजनैतिक पक्ष, पेशा, साँस्कृतिक पक्ष, आन्तरिक छुवाछुत आदिको बारेमा विश्लेषणात्मक जानकारी समावेश गरिएको छ ।

त्यसै गरी पाँचौ अध्यायमा वर्तमान अवस्थामा छुवाछुतको अवस्थामा आएको परिवर्तन शिर्षक अन्तरगत सामाजिक अवस्थामा आएको परिवर्तन, आर्थिक अवस्थामा आएको परिवर्तन, राजनैतिक फेरबदलले आएको परिवर्तन, कानुनि व्यवस्थाले ल्याएको परिवर्तन, दलितहरुको आन्तरिक भेदभावमा आएको परिवर्तन, विरोध, रिति भाग्यप्रथामा आएको परिवर्तन, परम्परागत सोचमा परिवर्तन, आन्तरजातिय विवाह, शैक्षिक क्षेत्रमा आएको परिवर्तन, सामाजिक आवश्यकता, जागरुक्ता आदिका बारेमा प्राप्त जानकारीहरुलाई समावेश गरिएको छ ।

त्यसैगरी अन्त्यमा छैटौ अध्यायमा अध्ययनको सारांश एवं निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको पुनरावलोकन

## २.१ नेपालको सन्दर्भ :-

**आहुति** (२०६७) लेख्नु हुन्छ : दक्षिण एशियाली उपमहाद्वीपमा ऋग्वेदलाई आर्यहरुद्वारा रचित ग्रन्थ मानिन्छ। यसको रचना काल इ. पु. १५००-१००० मा वेदव्यासद्वारा गरिएको धारणा छ। ऋग्वेदको दाशौं मण्डलमा नै वर्ण व्यवस्थाको उल्लेख गरिएको छ। यसरी इ. पु. १००० पछि नै वर्ण व्यवस्थाको जग बसालिएको थियो।

भारतीय भूमिमा आर्य र अनार्य बीचमा युद्ध हुँदा विजेता आर्यहरुले पराजित आर्य र अनार्यहरुलाई दासका रुपमा राखे। दासव्यवस्थामै श्रम विभाजनले व्यापकता र विविधता पायो। विजेता आर्यहरुले अनार्यहरुबाट श्रम जन्य काम गराउन थाले यही आधारमा चार आश्रम भएका वर्णाश्रम धर्मको जग बसालियो। ब्राह्मण पुरेत्याई गर्ने, ज्ञान र शिक्षा हासिल गर्ने, क्षेत्रियः सैनिक र प्रशासनिक काम गर्ने, वैश्यः खेती र व्यपार गर्ने, शुद्रः शिल्पकारी र सेवाको काम गर्ने गरी वर्ण विभाजनलाई धर्मको रुप दियो। यसैमा 'मनु' नामक राजा (इ. पु. २००) ले अत्यन्त काठोरपर्वक लागु गर्दै छुवाछुत समेत कायम गरे। यसरी ई. सं. ३०० सालमा श्रम विभाजनबाट थालिएको वर्णव्यवस्थामा छुवाछुत सम्म विकसित भयो र छुवाछुतीकरण प्रक्रिया जारी रह्यो।

वर्तमान आवस्थासम्म आइ पुग्दा पनि छुवाछुत प्रथा जारी नै छ। वर्ण व्यवस्थाको सबै भन्दा तल्लो वर्ण शुद्र वर्ण जसलाई आज भोलि 'दलित' भन्ने गरिन्छ। वर्ण व्यवस्था भित्रको छुवाछुत प्रथाका कारण सामाजिक तथा सांस्कृतिक क्षेत्रहरुमा दलित उत्पीडित र शोषित अवस्थामा छन्। अधिकांश मन्दिरमा दलितहरु पस्न पाउँदैनन्। सार्वजनिक धारा, कुवा, पंधेरो प्रयोग गर्न पाउँदैनन्। खाजा पसलमा बाहिर बसेर खाजा खानु पर्ने अनी खाएका भाडा माझ्नु पर्ने। मरेको सिनु फाल्नु पर्ने, आफू भन्दा उमेरमा कम भए पनि यदि ठुलो जातको मानिस छ भने जदौ भनि नमस्कार गर्नु पर्ने बाध्यता सहन दलितहरु बाध्य छन्। छुवाछुत हटाउनका निम्ति पछि गएर केही कानुनी लिखित नियमहरु नबनेका होइनन् तर जसरी छुवाछुत लगाउनका निम्ति पुराना मुलुकी एनले जस्तो सशक्त लागु गराएको थियो त्यस्तो किसिमको शसक्तता नअपनाएको कारण गर्दा होला दलितहरु प्रतिको व्यवहार, घटना, शोषण छुवाछुतहरु हट्न सकेको छैन। दलितहरु अगाडि बढ्न सकेका छैनन्।

संसारमा गरिएका विभिन्न आन्दोलनहरुले विभिन्न उत्पीडित जातिहरुलाई मुक्ति गराए पनि एक्काइसौं शताब्दीमा आइपुग्दा समेत दलितहरुले छुवाछुतको भेदभाव बाट मुक्ति पाउन सकेका छैनन्।

मानव जीवनको अनुभव गर्न पाएका छैनन् । दक्षिण एशियाका नेपाल, भारत, लगायत हिन्दु धर्म प्रभावित जनसंख्या भएका मुलुकहरुमा सबै भन्दा गरीब र उत्पीडित दलितहरुनै छन् । दलित माथिको भेदभाव, शोषणबाट दक्षिण ऐशियाका झण्डै २५ करोड दलितहरु अझै पनि पीडित छन् ।

**चैतन्य मिश्र** (२०६७) लेख्नुहुन्छ : संसारमा पुजीवादी उत्पादन प्रणाली भन्दा अगाडिका उत्पादन प्रणालीले श्रमको आपुर्ति मूलत : दासबाट गर्दथ्यो र साथै दासलाई किनबेच गरिन्थ्यो । भारत वर्षमा पनि दास प्रथा थियो तर श्रम शक्तिको आपुर्ति दासबाट भन्दा शुद्रहरुबाट हुन्थ्यो । शुद्रहरुको श्रमको प्रयोग अर्धमुदासका साथै कालिगढ र सिल्पीका रुपमा पनि हुन्थ्यो । त्यस कारण विविधिकृत अर्थव्यवस्थालाई धान्न माथिल्लो वर्ग र वर्णका मानिसहरुले शुद्रहरुको निर्माणलाई जोड दिए । शुद्र पारिवारिक संरचना भित्र मात्र काम सिक्ने हुँदा उसलाई आफ्नो अधिनमा राख्न नहुने तर दास कृषि श्रमिकका रुपमा प्रयोग गरिने हुँदा स्वतन्त्र छाड्न नहुने कारणले गर्दा शुद्रहरुलाई पनि आफ्नो अधिनमा रहनु भन्नका लागि माथिल्लो वर्गले छुवाछुतको निर्माण गरे ।

निजी सम्पत्तिको उदय पछि र पुजिवादको विकास निकै अघि नबढेको अवस्थामा जात, जाति, गोत्र, कुल, परिवारले आर्थिक, राजनीतिक, अर्थतन्त्र तथा व्यवस्थालाई प्रभाव पारे तर जात भारत वर्षीय रहयो भने जाति, वंश, कुल, परिवार संसारभरी रहयो । जात र छुवाछुत भारतमा नै जन्मियो, हुर्कियो र आज सम्म रहयो । भारतमा इसापूर्वको सातौं शताब्दी देखि इसाको दोस्रो शताब्दी सम्ममा दलितपनाको जन्म भएको हो ।

त्यस कारण दलित समस्या सांस्कृतिक मात्र होइन आर्थिक र राजनीतिक पनि हो । किनकी यो समस्या अराउने र अर्ने, हजुर र त, नदलित र दलित, छुनहुने र नहुने बीचको हो । पहुँचवाला र पहुचविहीन, शक्तिशाली र शक्तिहीन, सम्पन्नता र गरीब बीचको समबन्ध पनि हो । वंश र कुलका आधारमा रहेको विभेद हो जसको निर्माण दलितहरुले नगरी समाजले निर्माण गरेको हो ।

जातिय भेदभाव, छुवाछुत जस्ता सामाजिक अकार्यहरुलाई राजनीति र कानुनी व्यवस्थाले मात्र हटाउन सक्दैन । यसका लागि विस्तारित र विविधिकृत अर्थतन्त्र, व्यापक शहरीकरण र एकाकार अर्थतन्त्रको आवश्यकता पर्दछ ।

**भट्टचन** (२०६५) ले **नेपालको पुरानो मुलुकि ऐनले** गर्दा दलितहरुको विगत देखि वर्तमान अवस्था सम्म परेको असर बारे लेख्नु हुन्छ : प्रधानमन्त्री जंगबहादुर राणाको पालामा सन् **१८५४** मा मुलुकी ऐन बनाइएको थियो । जसमा सबै भन्दा माथि तागाधारी त्यस पछि क्रमशः मतवाली, पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने र सबै भन्दा तल पानी नचल्ने छोइछिटो हाल्नु पर्ने जात भनि जाति व्यवस्थाको बाडफाड गरि सम्पूर्ण कानुन व्यवस्था जातका आधारमा बनाइएको थियो । मुलुकी ऐनमा

विभिन्न जातका लागि छुट्टै व्यवस्था पनि गरियो । जसमा पानी नचल्ने छोइछिटो हाल्नु पर्ने "अछुत" जात भने सबै भन्दा शसक्त कानुनी बन्देजको सिकार हुन पुग्यो ।

जातिय छुवाछुत र विभेदलाई कानुनी हैसियत दिइएको र कानुनको उल्लङ्घनलाई दण्डनीय बनाइएकोले दलितहरु विरुद्ध जातिय छुवाछुत र विभेदको व्यवहार बढेर गएको थियो, एउटै प्रकृतिको अपराधमा कथित माथिल्ला जातका अपराधीहरुले कम र दलित अपराधीहरुले सबै भन्दा बढी सजाय पाउने व्यवस्था थियो । यति मात्र नभएर दलित विरुद्ध छुवाछुत गर्न नमान्ने कथित माथिल्ला जातका मानिसहरुलाई सामाजिक बहिष्कार गर्ने प्रचलन पनि थियो । राज्यले संस्थागत र क्रमबद्ध तरिकाले बनाएको ऐन नियमले गर्दा दलितहरु बहिष्करणमा परे, शोषण, स्रोत तथा विकासका अवसरहरुमा कानुनी तथा संस्थागत रुपमा पहुँच र नियन्त्रण हुनबाट बञ्चित हुन पुगे ।

आज दलितहरु मानव विकास सुचाङक सबैमा तल पर्नुमा राज्यको दलित विरुद्धका नीति, कानुन तथा कार्यक्रमहरु नै प्रमुख रुपमा जिम्मेवार छन् ।

**सुखदेव थोराट** ( २०६९ ) ले जाति प्रथाको कारण हुने बहिस्करण र विभेदका बारेमा लेख्नु हुन्छ : बहिष्करण र विभेदीकरण जात प्रथाका स्पष्ट परिणाम हुन । हिन्दु जात प्रथाको श्रम विभाजन को व्यवस्थाले जात विशेषको पेशा र सम्पत्तिको अधिकारको निश्चित र अनिवार्य प्रावधान बनाएको छ । जसका कारण जातप्रथाको पिंधमा रहेका 'अछुत' जात भने सबै भन्दा बढी मार र शोषमा पर्दछन् । किन भने उनीहरुलाई शारिरीक श्रम वा आफू भन्दा माथिल्ला जातको सेवा गर्ने काम बाहेक अन्य माथिल्ला जातका मानिसहरुले गर्ने पेशाहरुबाट बञ्चित गरिएको छ ।

सामाजिक तथा आर्थिक अधिकारहरुको यस्तो विभाजनले गर्दा वञ्चितीकरणमा परेका अछुत जातिहरुले पेशा छान्न तथा सम्पत्ति र शिक्षा हासिल गर्न नपाउने हुनाले उनीहरुले आफ्नो आर्थिक अवस्थामा सुधार गर्ने मौका पाउँदैनन् । अन्ततः अछुतहरुको एक मात्र पेशा आफू भन्दा माथिल्ला जातहरुको सेवा गर्नु रहन्छ । जसका कारण अछुतहरु सँधैभरी अमानविय व्यवहार सहनुका साथै गरिबीको रेखामुनि बाच्न बाध्य हुन्छन् ।

यसरी एक जातबाट अर्को जातमाथि गरिने असमान व्यवहार, बहिष्करण, विभेदीकरण तथा अधीनता जातप्रथाका परिणाम हुन् यस्तो परिणाम बाट अछुतहरु सम्पत्तिको अधिकारबाट मात्र होइन, मानव व्यवहारबाट समेत वञ्चित हुन पुग्दछन् र उनीहरु नै सबै भन्दा बढी पिडित हुन पुग्दछन् ।

( **खरेल २०६९** ) भित्रको आन्तरिक भेदभावका बारेमा लेख्नुहुन्छ : दलितहरु स्वयम् नै लघु जातीय समूह हो जहाँ ती भित्र अनेक जाति र उपजाति हुन्छन् । क्रमश रुपमा दलित भित्रका जातिहरुमा पनि सानो ठुलो भन्ने भावनाका साथ छुवाछुतको भेदभाव पनि छ । जस्तै कामी जाति दलितहरु भित्रकै

सबै भन्दा ठूलो जात मानिन्छ । त्यसपछि दमाई, सार्की, सुनार, वादी लगायत क्रमशः ठूलो देखि सानो भन्ने श्रेणि रहेको छ यिनीहरुमा पनि छुवाछुत, प्रथा प्रचलनमा छ ।

एक प्रकारले दलितहरुका बीचको अर्न्तजातिय श्रेणी दलितहरुका बीचको प्रणाली नेपालमा संस्थागत भएको ठूलो जाति प्रथाको स सानो स्वरुप हो । यसले दलित र गैरदलित बीचको अनी दतिलहरु आफै मध्यको जातिय भेदभावलाई झन बढाई दिएको छ । तर दलितहरु भित्र कै श्रेणीगत भेदभाव कानन निर्माता र समस्त शासक माथिल्ला जातका मानिहरुले फुटाऊ र शासन गर भन्ने उत्तिका रुपमा प्रयोग गरेर लागु गराएका हुन् जसले गर्दा माथिल्ला जातले आफ्नो शक्ति शासन बनाइ राख्न सकुन अनी दलितहरु सँधै भरी कमजोर र शक्तिहिन रहिरहुन भन्ने अभिप्रायले दलित भित्र पनि श्रेणिगत छुवाछुत सहितको ठूलो सानो जात बनाइएको हो । त्यस नियमलाई उनीहरुको दैनिक जिवनमै अनिवार्य बनाइदियो र जाति प्रथालाई छुवाछुतलाई वैधानिकता प्रदान गराईयो जसलाई दलितहरुले आज सम्म पनि स्विकारी रहेका छन् ।

**शर्मा** (२००४) लेख्नुहुन्छ : नेपालमा मल्लकालिन राज जयस्थिति मल्लले वर्ण व्यवस्थालाई बलियो बनाई अगाडि बढाउनमा महत्वपूर्ण भूमिका खेलेका थिए । वर्ण तथा जातिय व्यवस्थालाई वर्गीकरण गरी विभिन्न नियम प्रचलनमा ल्याएका थिए । त्यसैगरी शाहकालीन राजाले पनि चार वर्ण छत्तिस जातको फुलबारी भन्दै त्यही परम्परालाई निरन्तरता दिए ।

वास्तवमा वर्ण व्यवस्था विभिन्न मानिसहरुले अवलम्बन गर्दै आएको पेशा तथा वंशको अधारमा निर्माण गरेको पाइन्छ । नेपालमा जे जस्ता कानुन, ऐन नियम विगतमा बने ती सबेले वर्ण व्यवस्थालाई संरक्षण गर्दै आएको छ । मुलुकी ऐनमा पनि जातिय व्यवस्थाको व्याख्या गरिएको छ र जातिय शुद्धता र अशुद्धतालाई अगाडि सार्दै सामाजिक मुल्य मान्यतालाई परम्परागत रुपमा अगाडि बढाउनका निम्ति सजातिय विवाह गर्नु पर्ने जस्ता कुरालाई पुरानो मुलुकी एनले जोड दिएको छ ।

सामाजिक एकताका निम्ति बनाइएको भनिने पुरानो वैधानिक मुलुकी ऐन जसले परम्परागत हैसियतलाई जोड दिन्छ जुन हैसियत मानिसले जन्म सँग लिएर आएको हुन्छ । जहाँ श्रङ्खलाबद्ध रुपमा एक जात उच्च र अर्को जात निम्न हुने कुरा उल्लेख गरिएको थियो । जुन यस प्रकार छः

तागाधारी - दुइ पटक जन्मने जात (किन कि यी जातिले ब्रतबन्ध संस्कार पछि शुद्धता प्राप्त गर्दछन्) ।

मतावली - मदिरा पिउने जात

पानी नचल्ने तर छोइछिटा हाल्नु नपर्ने - पानी नचल्ने तर छाइछिटो हाल्नु नपर्ने ।

पानी नचल्ने तर छोइछिटा हाल्नुपर्ने - अछुत जात

यस प्रकार पुरानो मुलुकी ऐनमा विभिन्न जातिहरुलाई श्रङ्खलाबद्ध तरिकाले वर्गीकरण गरिएको थियो ।

**कोइराला** (२०६२) परम्परागत शिक्षा नितिले दलितहरुलाई कसरी पछाडि पाऱ्यो भन्ने बारेमा लेख्नुहुन्छ : ऋग्वेदी पुर्खाले शिक्षालाई शिक्षा र अशिक्षामा विभाजन गरे । प्रांज्ञिक र पारलौकिक ज्ञानलाई शिक्षा भनियो । पेट भर्ने परमपरागत ज्ञान र सीपलाई अशिक्षा भनियो । उत्पादनमुखी शिल्पीज्ञान अशिक्षाको कोटिमा पऱ्यो । यसरी ऋग्वेदी पुर्खाले वर्गीय संरचनाको समाजमा शिक्षालाई पनि वर्गीय बनाए । ब्राम्हणको देवज्ञान खोज्ने शिक्षा, क्षेत्रीको राजज्ञान खोज्ने शिक्षा, वैश्यको आर्षज्ञान खोज्ने शिक्षा, शुद्रको पेटज्ञान खोज्ने शिक्षा । यसरी ऋग्वेदी पुर्खाले शिक्षामा वर्ण व्यवस्था लागु गरेर दलितलाई प्राज्ञिक शिक्षाबाट बञ्चित गराए । अर्थात दलितमा भएका सीप र शिक्षालाई प्राज्ञिक मानेनन् । दलितहरु संरचनागत रुपमै शिक्षाबाट वञ्चित भए । यसरी पुराणे पुर्खाले दलितहरुलाई तल्लो जात बन्ने शिक्षा दिए अछुत हु हजुर भन्ने शिक्षा दियो । जदौ भन्ने शिक्षा  दियो ।

स्मृतिकालीन पुर्खाले दलितहरु प्रति झन क्रुरताका साथ नियमहरु को व्यवस्था गरी तल्लो र माथिल्लो जातीय अवधारणालाई मान्नै पर्ने र तल्लो जात भनिने मानिसहरुलाई माथिल्लो जात सँग मिल्न नदिने व्यवस्था गरे । स्मृतिकालीन पुर्खाले बनाएका संरचनाले दलितलाई हीनता बोक्ने शिक्षा दियो । विवश बनेर भाग्यवाद स्वीकार्ने व्यक्ति बनाइदियो ।

पछि गएर राज्यकालिन पुर्खाले पनि त्यही बीडो लिए । राम शाहकालीन पुर्खाले गोरखामा, मल्लकालीन पुर्खाले काठमाडौंमा, सेनकालीन पुर्खाले पश्चिमी नेपालमा जहाँ तही दलितलाई तलै राखे । यसरी **क्यारोन** (२०१०) ले सुदुर पश्चिम को बझाङ जिल्ला का दलितहरु र बाह्रमण, क्षेत्रीहरु बीच को आर्थिक सम्बन्ध ले निर्माण गरेको दलितपना का बारेमा लेख्नुहुन्छ : दलितहरुमाथिको जातिय छुवाछुत र भेदभाव को समस्याका साथ साथै आर्थिक समस्या पनि एउटा गम्भिर समस्या हो । जस्का कारण उनीहरु सधैं भरी समाज को फेद मा पर्न बाध्य हुन्छन् । पेशा परिवर्तन गर्न नपाउने समस्या ले गर्दा उनीहरु सिल्प ज्ञानमा अगाडी हुँदाहुँदै पनि आफु भन्दा ठूलो जात भनिने ब्राहमण क्षेत्रीहरु को सेवक हुन बाध्य छन् । त्यसमा पनि शहरी क्षेत्र भन्दा अझै ग्रामिण क्षेत्र को दलितहरु को स्थिति अझै दयनिय रहेको हुँदा ग्रामिण क्षेत्रमा दलितहरु पुर्ण रुपमा ब्राहमण क्षेत्रीहरु माथि निर्भर रहेका हुन्छन् । किन भने आफुसँग खेति गर्नका लागि जमिन नभएका कारण जिवन निर्वाह गर्न उनीहरु शाहु महाजन अर्थात ब्राहमण, क्षेत्री कहाँ काम गर्ने गर्दछन् र आफ्नो दैनिक उपभोग्य सामानहरु पारिश्रमका रुपमा उनीहरु बाट पाउने गर्दछन् र त्यसैबाट आफ्नो घर गुजारा चलाउने गर्दछन् ।

आर्थिक विपन्नताका कारण प्राय ग्रामिण क्षेत्रका पुरुष दलितहरु पैसा कमाउन भनि भारत तर्फ जाने गर्दछन् । फेरी पनि घर धन्दा धान्नका निम्ति तिनीहरु की श्रीमतिहरु 'विष्ट' को जमिन मा काम

गर्न जान्छन् तर पछि गएर त्यहि जमिन पनि 'विष्ट' हरुको भाई वा छोरा बीचमा बाडिन जान्छ । तब उनीहरुले काम गरी खाने जमिन पनि उनीहरुबाट खोसिन पुग्दछ । फलस्वरुप उनीहरु को अवस्था अझै दयनीय हुन जान्छ । जस कारण दलितहरु पुर्ण रुपमा जमिनदार अर्थात ब्राहमण क्षेत्रीहरु माथि आर्थिक निर्भर हुन्छन् । जहाँ उनीहरु ले आफ्नो आत्म सम्मान गुमाउन का साथ साथै दुःख, पिडा, अपमान र शोषण सहन बाध्य हुन्छन् ।

त्यस कारण समाजमा यस्ता कुरीति हटाई दलित समुदाय को अधिकार को लागि र उनीहरु को सामाजिक न्याय को लागि राजनितिक सक्रियता, उचित शिक्षा, रोजगारी, चेतना र समान किसिमको संस्कृति हुन आवश्यक छ । यसका लागि सर्वप्रथम दलितहरु को ब्राहमण क्षेत्री माथिको निर्भता लाई पुर्ण रुपमा हटाउनु पर्ने हुन्छ किन भने जब सम्म 'रीति माग्ने' प्रथा रहिरहन्छ तब सम्म दलित समुदायले न्याय पाउन सक्दैनन् । यसका साथ साथै दलितहरुले गर्दै आएको परम्परागत पेशालाई छाडी र आम्दानी हुने पेशा रोजेर आफ्नो आर्थिक स्तर बढाउने काममा लाग्नु आवश्यक छ । सरकारी निकायले पनि दलितहरु को समस्यालाई गम्भिर रुपमा लिई उचित शिक्षा, रोजगारी, चेतना जस्ता कुराको व्यवस्था गर्नु जरुरी देखिन्छ ।

माथिको सन्दर्भ साहित्यको पुनरावलोकनबाट प्रस्तुत अध्ययनलाई मार्गदर्शन प्राप्त भएको छ । माथि विभिन्न विद्वनहरुको विभिन्न पक्षमा दलितहरुको छुवाछुतको अवस्थाका बारेमा बताए अनुसार यस अध्ययनमा पनि बगुवा गा.वि.स. वडा नं ८ का दलितहरुको विगत र वर्तमानमा छुवाछुतको अवस्था र त्यस्मा के कस्ता परिवर्तनहरु आएका छन् त्यसको बारेमा बुझ्ने प्रयास गरिएको छ । त्यस्तै दलित समुदायका बारेमा लेखिएका द्वितिय स्रोतका लेख, रचना, पुस्तकका साथ साथै प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क तथा जानकारीका आधारमा यो अध्ययन गरिएको छ ।

## २.२ दक्षीण एसियाली सन्दर्भ

दक्षिण एसिया संसारकै प्रचिन सभ्यता स्थल मध्ये एउटा हो यहि भुमि मै विश्वका करिव पाँच प्रशित मानिस दलितका रुपमा आज पनि आफ्नै श्रम द्वारा शिर्जित भव्य ज्ञान र सभ्यताको वैभावको उपयोगबाट बञ्चित छन् दक्षिण एसियामा रहेका हिन्दुभार्मिय वा हिन्दुधर्मद्धारा प्रभावित विभिन्न जातीय समुह भित्र रंग, जाती, धर्म एउटै हुँदा हुँदै पनि संस्कृती र परम्परा उस्तै हुँदा हुँदै पनि ती हरेक समुदायका दलितलाई आफ्नै भूमिको दार्शनिक ज्ञानबाट बञ्चित गरियो । आफ्नै भूमिको सभ्यता भोग्न बाट बञ्चित राखियो । आफ्नै आस्थाको मन्दिरमा प्रवेशमा धर्म तथा परम्पराका कैयौ अनुस्ठानमा बन्देज लगाईयो । समाजका सवै भन्दा फोहोर र सबै भन्दा कठिन पेशा यीनीहरुकै वंशमा थोपरियो । तर सवै अधिकारबाट सधै बञ्चित राखियो संशारमा थुप्रै परिवर्तनका हुरी आए र तिनले थुप्रै उत्पिडित जातीलाई

मुक्त पार्दै गए । तर एक्काईसौ सताब्दी सम्मको मानव मुक्तिका महायात्राले समेत दलितलाई भने मुक्त र सम्मानित मानव जिवन दिन सकेन ।

आज पनि दक्षिण एसियाका नेपाल र भारत तथा हिन्दुजनसंख्या भएका देशमा सवै भन्दा गरीव र सवै भन्दा बढि उतपिडनमा दलित छन् । आज पनि दलितका बस्तिमा आगो लगाईन, दलित महिलालाई सामुहिक बलत्कार गरीनु र त्यसको कुनै पुर्पक्ष नहुनु सामान्य कुरा हो । आज पनि कथित माथिल्लो जातका थुप्रै मानिस दलितलाई हेप्नु, दमन गर्नु र अपमानीत गर्नु आफ्नो अधिकार वा कर्तव्य सम्झन्छन् । अहिले पनि कथित माथिल्लो जातका व्यक्ति द्धारा अन्तर जातीय विवाह गर्ने जोडीको हाकाहाकी हत्या समेत गरिदै छ । अहिले पनि धेरै ठाउमा सार्वजनिक मन्दिर, चमेना गृहमा दलितलाई प्रवेश गर्न दिईदैन सार्व जनिक कुँवा र ईनारलाई छोएको अपराधमा अहिले पनि दलितलाई शारिरिक र आर्थिक दण्ड गरिदै छ । अहिले पनि दलित पेशा परिवर्त गर्न स्वतन्त्र छैनन् । कानूनी रुपमा उपलव्ध स्वतन्त्रता, सास्कृतिक बन्देजका कारण समाजको पिधमा लागुहुन सकेको छैन । उच्च जातका घरमा मरेका जनावरको सिनुफल्नुपर्ने सत्केरीको साल काट्नुपर्ने लासको कपडा स्यार्नु पर्ने नङ काटिदिनुपर्ने लगाएतका सयौ वाध्यता ज्युँकात्यूँ छन्  अहिले पनि दलित संग बसेर अधिकाम्स उच्च जातका मानीसले खाना खादैनन् उसले छोएको पानी खादैनन् उसलाई घर भित्र पस्त दिदैनन् अहिले पनि दलितले उतपादन गरेको दुध धेरै ठाँउमा विक्दैनन् दलितलाई गाली गर्नु अर्कै शव्द छ । दलितले अरुको सम्मानमा प्रयोग गर्नु पर्ने अर्कै शब्द छ । रुपवती दलित महिला बाहुनी जस्ती भनिन्छे खराव वानीको ब्रह्मणलाई अछुतो जस्तो भनिन्छ । यसरी आज पनि समस्त सुन्दरता सम्बन्धि मनोविज्ञान अरुको भागमा पारिन्छ र कुरुपता जती दलितको भागमा पारिन्छ साशन प्रर्णली प्रशासन मा उनीहरुको उपस्थिति कागलाई वेल पाके सरह छ । यध्यपी सामाजिक र राजनितिक परिवर्तनका झोकाबाट उनीहरुले केहि राहत पाउने गरेका छनुनेपाली समाजको परिवर्तनको सस्त गति संगै भेदभाव विरोधी जमात र मत पनि सुस्त गतिमा बढ्दै छ तर हजारौ बर्ष देखीको वर्णवादमा आधारित सामाजिक र मनोबैज्ञानीक जटिल संरचना विच सवै परिवर्तन उनीहरुका निम्ति धुँवा जस्तै निस्तेज सावित भएका छन् ।

संसारमा देखा परेका सवै जातीय समस्या मध्ये छुवाछुत सवै भन्दा कुर र मानविय सत्यलाई हिन्ता ग्रस्त बनाउने समस्या हो । यो देख्दा सामान्य लाग्ने तर अनुभुती गर्दा र भोग्दा अत्यास लाग्ने सामस्या हो । दलित हुनु अधिकार बाट बञ्चित हुनुमात्रै होईन अमानवियता लाई स्वीकार्न प्रशिक्षीत गर्ने मनोवैज्ञानीक विगठनको प्रकृयामा सामेल हुनुपर्ने पनि हुने यस प्रकृयामा सामेल भए पछि एउटा दलितले आफुले

भोगेको अधिकार उच्च जातका हरुको दया ठान्न थाल्दछ र दलितलाई प्रदान गरिएका अवसरलाई उच्च जातको भलादमीले पनि उपकार ठान्दै जान्छ ।

हिन्दु वर्णव्यबस्थाको जटिल्ताले वास्तवमा विश्वको झण्डै २० प्रतिशत जनसंख्यामा रहेको हिन्दु समाजको सामाजिक प्रगतीलाई अड्काई रहेको छ । अनि त्यस समाज भित्रका विश्वकै करिव ५ प्रतिशत दलित यस अत्यास लाग्दो जातीय उत्पिडनमा बाँचि रहेका छन् तर आज सम्म सिङगो विश्व यस समस्याबाट धेरै हद सम्म अनभिग्य छ । विभिन्न जातीय समस्या मध्ये छुवाछुतमय दलित समस्या वारे नै सबै भन्दा कम साहित्य संसारमा सिर्जना भएको छ । आज सम्म पनि संयुक्र राष्ट्र संघको सबै प्रकारका जातीय भेदभाव निर्मूल सम्बन्धि महासन्धि १९६५ भित्र वास्तवमा छुवाछुतमय दलित समस्या परेको छैन यो अर्को दुःखद प्रसंग बनिरहेको छ ।

छुवाछुतको जातीय समस्या यति भयंकर भए पनि इतिकासमा दलित अपेक्षाकृत किन शान्त रहे ? संसारको ईतिकास थुप्रै प्रकारका जातीय मुक्तिको लडाई पनि ईतिहास हो तर यस समस्या विरद्ध किन दलितले भिषण लडाई छेड्न सकेन ? आज सम्म दक्षिण यसियाका नेपाल र भारतमा भएका परिवर्तनले किन यस समस्यालाई संवोधन गर्न सकेन ? आधुनिक ईतिकासमा दलितले यो उप महाद्धिपमा संगठित आन्दोलन गरेको पनि एक सय बर्ष विति सक्यो तर पनि आनदोलनले किन परिवर्तन कामी छलाङ मार्न सकेन ? आज सम्म पनि विश्व रंग मन्चमा यो समस्या एउटा प्रमुख एजेन्डा किन बन्न सकेन ? हिन्दु वर्ण वादमा आधारित यो छुवाछुतमा सामन्तीवादी साँस्कृतिक र सामाजिक संरचनाले दलितको मात्र होईन सिंगो हिन्दु समाजकै प्रगती सामु एउटा बलियो पर्खाल खठा गरि रहेछ र एककाईसौ सताव्दीमा हिन्दु समाजलाई सभ्यताको पुच्छारमा पार्ने एउटा मुख्य कारण बनिरहेछ । तयस विरुद्ध दलितले मात्र होईन अगैगामी परिवर्तनका पक्षधर सबैले गम्भिरतापूर्वक साच्नु त्यसका आर्थिक र राजनितिक जरा खोतल्नु र कठोर निर्णय लिनु आवश्यक छ ।

दक्षिण एसियामा वर्ण समाजको स्थापनाको कथा

दक्षिण एसियाको समथर भूमिमा आर्यहरुको प्रवेश भन्दा पहिलेको साहित्य प्रथा छैन तर आर्यहरुको प्रवेश भन्दा पहिले आजको भारतमा मुलत द्रविड र आष्ट्रिक मुलका विभिन्न जातीको बसोवास र सभ्यता रहि आएको कुरामा सबै सहमत छन् ती जाती बिच आदिम कविला समाज र दास युगका चरण कसरी विकसित भए भनने वारे अझै पनि अनुसन्धानका सास्या रहे पनि उनीहरुले भव्य रुपले सिन्धु घाटिमा निर्माण गरेको हडप्पा र मोहेनजोदारोको सभ्यता (ईपु ३२५० ईपु २७५०) साक्षीको

रुपमा उपस्थित छ । (Hawkes 1993, 1967-87-112 ) । भारतीय समतल भुमि उष्ण कटिबन्द क्षेत्र भएकोले त्याहाका द्रविडा र आष्ट्रिक मुलका जाती कालो रातो र पहेलो बर्षका थिए । नाक बुच्चो, कपाल कालो र टाउको थेप्चो उनीहरुको शारिरिक बनोट थियो । आर्यहरुले शान्ति प्रदेशबाट यात्रा शुरु गरेकाले उनीहरुको वर्ण गोरो कपाल खैरो नाक धारिलो र टाउको लाम्चो थियो र भारतमा उनीहरु ईराक तिरबाट प्रवेश गरे भन्नेमा धेरैको समान मत रहेको छ । ईपु.३००० तिर अर्थात करिव ६००० बर्ष पहिले आर्यहरु भारत प्रवेश गरी याहाको सामाजिक राजनितिक जिवनमा हस्तक्षेप गर्न थालेको मानिन्छ । (शास्त्रि सन १९९९ (१९४०)..९ ) ।

दक्षिण एसियाली उप महाद्धिप र संसारकै एउटा पुरानो संकलित ग्रन्थ ऋग्वेद आर्यहरुद्धारा रचित ग्रन्थ हो यसको रचनाकार ईपु १५००-१००० मानिएको छ (सांकृत्यान सन १९८८ः २९० ) ऋग्वेदको रचनाकार यस्तो भए पनि ऋग्वेदमा भारतमा आर्यहरुको प्रवेश पछिका वा आर्यहरु विच कम्तिमा पनि ५००० बर्ष अधिदेखी प्रचलित धारणा संकलित छन् कार्यहरु बिच मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएका ऋचालाई नै ईपु २५००-१००० बिचमा संकलित र सम्पादित गरिएको थियो । त्यसलाई संकलित र सम्पादन गर्ने काम व्यासले गरेकाले नै उनको नाम वेदव्यास रहेको भन्ने अनुमान धेरैको रहेको छ । एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएका धारणा र मान्यतामा वेदव्यास काल (ईपु २५००-१००० ) को धारण र मान्यता पनि वेदव्यासले समावेश गरेको मान्य मतलाई सोभाविक मान्न सकिन्छ । ऋग्वेदका १० मण्डल मध्ये १० मण्डल वेदव्यास कालीन धारण मान्यता भएको मानिएको छ । (प्रश्रित २०५६ ) ऋग्वेदका अधिल्ला मण्डलका ऋचामा कतै पनि वर्ण व्यबस्थाको उल्लेख छैन । पछिल्लो १० औ मण्डलमा पुगे पछि मात्र त्यस विराट पुरुषको मुख ब्राह्मण, हात, क्षत्रीय, जाघ वैश्य र खुट्टा शुद्र थिए भनि उल्लेख गरेको भेटिन्छ । यसको अर्थ हो ईपु १००० पछि नै वर्ण व्यबस्थाको अवधारणको जग बसाईएको थियो भारतमा आर्यहरुको प्रवेश (ईपु ३०००) पछि सोभाविक रुपमा सामाजिक र राजनितिक प्रभुत्वका निम्ति याहाका द्रविड र आस्ट्रिक मुलका जातीको सभ्यता माथि उनीहरुको आक्रमणको क्रम शुरु भयो आर्यहरुको वर्ण (रंङ) गोरो र अरुको वर्ण रातो, कालो र पहेलो भएकाले आर्यहरुको बिजयको क्रम संगै गोरो वर्ण बाहेकका जातीलाई घृणा गर्ने आर्य अहंकारको थालनी भएको कुरालाई सजिलै बुझ्न सकिन्छ । त्यसैले शुरुमा वर्ण शव्दको प्रयोग रंङ विभेदको अर्थमा मात्र भएको थियो (प्रश्रित २०५६, शर्मा २०४९)

भारतीय समथर भुमिमा आर्यहरुको राज्यको स्थापना संगसंगै आर्य शासीत दास व्यबस्थाको थालनी भयो । जनसंख्याको वृद्धि संगै आर्य कविलाहरुको विभाजन र उनीहरु बिचको युद्ध पनि शुरु भयो

। अनार्य कविलाहरु संगको लगातार युद्ध अनार्यहरुलाई आर्यकरण गर्ने प्रकृया संगसंगै युद्ध पराजित आर्य कविला र अनार्य कविला दासमा फेरिने क्रम अघि बढ्यो । अन्त जस्तै दास व्यबस्थामै श्रम विभागजनमा व्यापक्ता र विविधता यहा पनि भयो । (सांस्कृत्ययान २०५७ सन १९४२) सोभाविक रुपमा विजेता आर्यहरुको राज्यले आर्य वा अनार्य मुलका दास पराजित आर्य र अनार्य कविलाका जनसमुदायबाट सवै श्रम जन्य काम गराउन थाल्यो । श्रम विभाजनको यहि क्रममा पुरोहित्याई गर्ने ज्ञान र शिक्षा आर्जन गर्ने ब्राह्मण सैनिक तथा प्रशासकिय काम गर्ने क्षत्रीय पशुपालन, खेती र व्यापार गर्ने  वैस्य तथा श्रम सिलपकारी र सेवाको काम गर्ने शुद्ध गरी चार वर्णको विभाजन गरियो । यसरी ब्राह्मण शासित आर्य राज्यको वर्ण विभाजनलाई विस्तारै धर्मको रुप दियो र यसले ब्राह्मण धर्म वा चार वर्ण जिवनको चार आश्रम भएको वर्ण श्रम धर्मको जग बसाल्यो शुरुमा रंगको अर्थमा मात्र प्रयोग भएको वर्ण शव्द वर्ण श्रम धर्म सम्म आई प'दा सामाजिक मर्यादा वा श्रम समुहको पहिचान दिने अर्थमा फेरियो ।

सबै दास (शुद्र) थिए तर सबै शुद्र दास थिएनन् । दासलाई किन्न बेच्न, मार्न अर्थात बोल्ने पशुका रुपमा व्यबहार गर्न सकिन्थ्यो । तर शुद्रबाट तोकिएको श्रम सेवा मात्र लिईन्थ्यो । शुद्रको स्थान दासको भन्दा गुणात्मक अर्थमै माथि थियो । लामो समय सम्म शुद्र शव्द ती सम्पुर्ण श्रमजिबिको वर्गको साझा बर्गिय नाम थियो । जो माथिल्ला तिन वर्णका लागि सेवा मुलक सिल्प मुलत श्रम गर्दथे । संसारको ईतिहासलाई हेर्दा दक्षिण एसियामा रोम ग्रीस वा चिनका जस्ता विशाल र क्रुर दास राज्य भेटिदैन । यसको कारण सम्भवत के थियो भने वर्ण व्इबस्था कायम गरि सके पछि भारतमा सेवा मुलक र कठिन काम गराउन सिंङ्गै बस्ती लाई दासमा परिणत गर्नु आवश्यककै भएन । बरु अन्त दासले गर्ने त्यस्ता काम भारतमा शुद्रबाट कम कठिनाईका साथ ब्राह्मण राज्यले लिन सक्थ्यो ।

यसरी वर्ण व्यबस्था खडा गरिए पछि एक हजार बर्ष सम्म पनि त्यस भित्र छुवाछुत प्रथा लादिएको थिएन । शास्त्र पढ्न निशेध थिएन । योग्यता एवं दास वर्गको स्वीकृत र आवश्यकताले वर्ण परिवर्तन समेत हुन्थ्यो । शुद्र वा वैश्य वंशका बिशेष साहसी र बौद्धिक प्रतिभालाई वर्ण नै परिवर्तन गरी शासक वर्गले ब्राह्मण र क्षेत्री बर्णमा समेल गराएका प्रशस्त उदाहरण पाईन्छन् । प्राक्-मौर्य काल ( लगभग ई.पु.६००. ई.पु.३००) मा आई पर्दा सम्म सापेक्षित रुपमा खुकुलो रहेको वर्ण व्यबस्थालाई मुलत शुद्रका निम्ति तोकिएको माथिल्लो स्तरको श्रम विभाजनलाई अनुल्लङ्घनीय बनाउन वर्ण व्यबस्थलाई पुर्णत लागुगरियो । शुद्र माथि सम्पुर्ण आर्थिक, साजनितिक, कानुनी एवं सामाजिक र धार्मिक अशक्ता थुपारिए । त्यस पछि नै सम्पुर्ण  शुद्रलाई दास मान्न र त्यस अनुसार व्यबहार गर्न थालियो । यद्यपि तयती वेला सम्म शुद्रको एउटा वर्ग मात्र दास थियो ।

वर्ण श्रमी ब्राह्मण धर्म विरुद्ध बौद्ध र जैन धर्मको आन्दोलनको गति तेज भई सकेको अवस्थामा पनि शुद्रको स्थितिमा खासै परिवर्तन हुन सकेन पटक पटकको ब्राह्मण धर्मिय आर्य राज्यको पतन र पुनर्गठन, बौद्ध र जैन धर्मको आक्रमण र तिनि माथिको प्रत्याक्रमणको क्रममा ब्राह्मण राजा मनु (जन्म लगभग ई.पु.२००) (वराल २०५०) ले वर्ण व्यबसथालाई अत्यन्त कठोरता पूर्वक लागु गर्दै छुवाछुत समेत कायम गरे शुरुमा शुद्रको एउटा हिस्सालाई मात्रै अछुत बनाईएको थियो भन्ने मानिएको छ । प्रश्रित ०५६) यसै मनुस्मृति कला (ई.पु.-ई.स.३००) मा आएर मात्रै शूद्र ढोल र नारी यातनाका भागेदार भन्ने स्तरको् कानुन मनुस्मृतीमा स्थापित भयो मनुस्मृतिमा युद्धमा कैद परेका, ऋण तिर्न नसकेर दासत्व स्विकारेका, दास दासीको पुत्र किनिएको मानिस, दानमा प्राप्त मानिस राजदण्डबाट बच्न दासत्व स्विकार गर्ने मानिसलाई शुद्र घोषित गरियो । यसरी श्रम विभाजनबाट थालिएको वर्ण व्यबस्थालाई झनझन कठोर पार्दै ई.स.३०० सम्ममा छुवाछुतको स्तर सम्म विकसित गरियो ।

वर्ण व्यबस्थामा छुवाछुत समेत समावेस गर्दा शुद्रको एउता हिस्सालाई मात्रै अछुत बनाईए पनि काल क्रममा तयो हिस्सा मात्रै अछुत रहेन । त्यो वंश सम्म रक्त सम्बन्ध राख्ने, फोहर मानिएका पेशा गर्ने, राज्यद्धारा सजाय स्वरुप जात घटाउमा परेका लगाएतका अन्य जन समुहलाई पनि अछुतकरण गर्ने प्रकृयालाई जारी राखीयो । तयसै गरी हिन्दुराज्यहरुको विस्तार संगै वर्ण व्यबस्था नभएका विजित जातीमा पनि वर्ण व्यबस्था सृजना गरी समाजको सवै भन्दा तल परेका हिस्सालाई अछुत घोषणा गरियो । यसरी के देखिन्छ भने एकातिर शुद्रको एउटा हिससालाई अछुत बनाएर छुवाछुत प्रथा शुरु गरियो । अर्को तिर वर्ण व्यबस्था नभएका जातीहरु माथि बिजय हाशिल गर्दै जाने क्रममा वर्ण व्यबस्थाको अवधारणा लागुगर्दै ती विजित जाती भित्रका दल परेका हिस्सालाई बिजयी हिन्दु सासक हरुले (अछुत) बनाएर छुवाछुत प्रथा लादे ।

युरोपमा दास व्यबस्थालाई कठोर पार्न अनेक हतकण्डा अपनाईए जस्तै भारतमा श्रमजिवि शुद्रबाट बढि भन्दा बढि श्रम लुट्न वर्ण व्यबस्थालाई कठोर पारिदै लगियो  आर्थिक पराधिनता र कडा श्रमको विरोधमा उठेका र उठ्न सक्ने विरोधलाई दमन गर्न वर्ण व्यबस्थालाई कठोर पार्दै लानुदास वर्गका निम्ति अनिवार्य थियो । वर्ण व्यबस्था विरुद्ध शुद्र दास र वैश्य बिच हुन सक्ने र पटक पटक छिट्पुट् देखा परि रहेको ब्राह्मण र क्षत्रीय सासक विरोधी वर्ग-एकतालाई कमजोर नपारे सम्म वर्ण व्यबस्था लामो समय नटिक्ने कुरा प्रष्ट थियो । शुद्र दास र वैश्य विचको एकता बिशेषता स्वम शुद्र विचको वर्गिय एकतालाई कमजोर पार्न सक्नु र नसक्नुमा वर्ण व्यबस्थाको भाग्य टिकेको थियो । तयसैले नै शुद्र बिचको वर्गिय एकता र शुद्र दास तथा बैश्य बिचको एकतालाई फुटको सृङ्खलामा धकेल्न नै

वर्ण व्यबस्थामा छुवाछुत प्रथा लादियो । वर्ण व्यबस्थामा छुवाछुत लादि सके पछि शुद्र बिचै थुप्रै उपजात सृजना हुन पुग्यो । पेशै पिच्छे जात बन्यो र तीनको एक आपसको. स्थान तलमाथि राख्न थालियो । यसले गर्दा एउटा शुद्र जातको व्यक्ति अर्को शुद्र जातको व्यक्ति भन्दा सानो या ठूलो गनिन थालियो । यसरी शुद्र विच अनन्त वर्ग विभाजनको शृङ्खला सृजना हुन पुग्यो । अर्को कुरा वर्ण व्यबस्थामा छुवाछुत लादे पछि पानी समेत छुन नहुने बनाईएका अछुत संग मात्रै अरु वर्गको छुवाछुतको सम्बन्ध रहन पुगेको होईन बरु सबै फरक फरक वर्ण बिच आपसमा कुनै न कुनै स्तरको छुवाछुत कायम हुन पुग्यो ।

यसरी छुवाछुतको सम्बन्ध कायम भए पछि वैश्य अन्तरगतका उत्पिडितहरु शुद्र संग एकता कायमा गर्ने नसक्ने अवस्थामा पुगे वर्ण व्यबस्थामा छुवाछुत तादिए पछि दास वर्ग वर्ण व्यबस्सथा कायम गर्न र तल्लो वर्गका बिशेषताः शुद्रहरु आफै विच अनि शुद्र र वैश्य बिचको वर्गीय एकता भाड्न सफल भए । यसैले वर्ण व्यबस्था सो वर्ग बिच फरक र फरक फरक वर्ग बिच फुटलाई गहिर्‍याउदै लाने बिशेष सामाजिक संरचना बन्न पुग्यो ।

निश्कर्शमा श्रमजिवि शुद्रहरु आफै बिच अनि शुद्र र उत्पिडित वैश्य बिचको वर्गीय एकतालाई भाड्न, श्रम विभाजनलाई अउलंघनीय बनाउन शुद्र संगको रक्त समिश्रणबाट आफ्नो अभिजात वर्गीय वर्ण वादी र अहंकारलाइृ जोगाउन अन्तत यसरी ब्राह्मण धर्मिय सामन्त वादी सासनलाई चिरस्थायी बनाउन वर्ण व्यबस्थामा छुवाछुत थपिएको थियो । समय क्रममा जती जती ब्राह्मण र क्षत्री वर्गको राज्य विस्तार भयो, त्यती त्यती अन्य जातीलाई पनि वर्ण व्यबस्थाको दायरामा भित्रायाईयो र  यो क्रम आजपर्यन्त जलि रहेको छ । समग्रतामा दक्षिण एसियामा वर्ग समाज वर्ण समाजका रुपमा प्रकट भएको थियो र एक वा अर्को रुपमा दक्षिण एसियाको ईतिकास वर्ण संघर्षको ईतिकास हो ।  (आहुती २०६७)
नेपालको हिमाल देखि उपत्यका पहाड, तराई सम्म तथा पुर्व मेचि देखि पश्चिम महाकाली सम्म दलितहरु फैलिएर रहेको पाउन सकिन्छ । दलित जाति आफैमा कुनै जाति विशेष नभएर कथित उत्पिडित जातीहरुको समूह हो । सामान्य अर्थमा दलित भनेको पिडित, अपहेलित, शोषण र निम्न भन्ने बुझिन्छ । दास युगमा जग हालिएको अन्य सामन्ति युगमा व्यवस्थित रुपमा क्रर बनाइएको हिन्दु धर्ममा आधारित वर्ण व्यवस्था को अथाह शोषण, उत्पीडन र अमानविय ‘शुद्र’ दास, अछुत आदि पदावलीले सम्बोधन गरिने ‘वर्ग’, लाई दलित भनिन्छ (आहुती,२०६७) ।

नेपाली समाजमा पछिल्लो समयमा आएर दलित प्रति हुने गरेको छुवाछुतको व्यवहार लाई समाप्त पार्ने का निर्मित विभिन्न कानुनी बन्देजहरु नबनेका होइनन् तर पनि नेपाली समाजमा छुवाछुतको अवस्था मा भने परिवर्तन आउन सकेको छैन । अझै पनि दलितहरु धारा, कुवा, मन्दिर, पधेंरो, चौतारो जस्ता सार्वजनिक स्थानमा जान बाट वञ्चितको अवस्था थियो र अहिले पनि केहि रुपमा अझै रहेको देखिन्छ । कुनै सार्वजनिक ठाउँमा वा सामुदायिक स्थानहरुमा अर्थात गैर दलित समुदायको विविध कार्यहरुमा दलितलाई सहभागी गराइंदैन उनीहरु माथि छोइछिटो को व्यवहार गरिन्छ (वि.क,२०६२) ।

जती आन्दोलन भए पनि जती नियम कानुन बने पनि दलितहरुको अवस्थामा अपेक्षाकृत सुधार आउन सकेको छैन । अझै पनि दलितहरुलाई गैर दलीत तथा ठूलाबढाहरुले होच्याएर बोल्ने तथा नराम्रो व्यबहार गर्ने गर्दछ । सानो गैर दलीतले ठूलो दलित संग बोल्दा तँ अथवा तिमि भन्ने गरेको पाईन्छ । तर ठूलो दलितले भने सानै भए पनि गैर दलितलाई तपाई र हजुर भन्ने पर्ने हुन्छ । केहि पुरुष दलितहरु विभिन्न छुवाछुत उन्मुलनको कार्यक्रम एवं आन्दोलनहरुमा उपस्थित भए पनि दलित महिलाको उपस्थिति एकदम कम पाईन्छ । आज पनि उनीहरु आफ्नो आवाज बुलन्द गर्न सकेका छैनन् बरु छुवाछुत सहेर बस्छन् यदि पितृ सतात्मक समाजले दवाएर राखेको छ । त्यसैले दलित महिलाको स्थिति र समस्याको वारेमा पनि चर्चा गर्नु उपुक्त हुन्छ ।

## दलित महिलाको स्थिति र समस्या ।

दलित महिला दलित समुदाय भित्रै पितृसतात्मक शोषण उत्पिडनमा समेत रहेकाले पुरुष दलितका दाजोमा सबै क्षेत्रमा पछाडी पर्नु सोभाविक छ । त्य वाहेक छुवाछुत, भेदभाव र अपमानको प्रकोप पनि पुरुष दलितले भन्दा उनीहरुले नै बढि भोग्दै आउनुपरेको छ ।

### (क) आम दलितको समस्याः-

दलित महिलाका समस्यालाई आम दलित समस्याबाट अलग पारेर बुझ्न सकिदैन र ती सकस्या समाधानको द्धार नखुली दलित महिलाको मुक्ति प्रकृयाको ढोका पनि खुल्ने छैन । त्यसैले दलित महिलाको समस्या वारे र्चा गर्दा आम दलितका समस्याबाट पृथक गरेर बुझ्ने गल्ति गर्नु कदापी फलदायी हुदैन । नेपाली दलितका आधारभूत समस्या तीन क्षेत्रमा छन् ।

एक, भुमि हिनता हुनु परम्परागत पेशा नगद प्रणालीमा हैन, वाली प्रथामा हुनु अनि बेरोजगारी व्यापक हुनु नै आर्थिक क्षेत्रका मुख्या समस्या हुन ।

दुई, राज्यका नीति निर्माण गर्ने सरकार संसद देखी तल्लो तहक सम्मका राजनितिक थलोमा र नीति लागुगर्ने पैशासनिक निकायमा जनसंख्याका आधारमा समानुपातीक ढंगले तथा क्षेती पूर्ति व्यबस्था सहित दलित प्रूतिनिधित्व हुने राजनजितीक प्रणालीको अभाव नै राजनितिक प्रशासनिक क्षेत्रका मुल समस्या हुन ।

तीन, छुवाछुत भेदभाव शिक्षामा पहुँच हिनता र सामाजिक अन्याय सामाजिक सांस्कृतिक क्षेत्रमा पर्ने मुख्य समस्या हुन । यस बाहेकका समस्या पनि यीनै आधारभुत समस्याका उप-उत्पादन हुन ।

आम दलितका यस कृआयमिक समस्यालाई बुझ्दा एउटा पक्षमा भने प्रष्ट हुनै पर्छ त्यो पक्ष हो ती त्रिआयमिक समस्या एक अर्को संग अभिनन रुपमा सम्बन्धित छन् एक अर्कालाई टिकाएर क्रियाशिल तथा चलायमान छन् ओदानीका तीन खुट्टा जस्तै आम दलितका यी आधारभूत समस्या नै वास्तवमा दलित महिलाका पनि समस्याको प्रधान पक्ष हो । यस प्रधान पक्षलाई तपसिलमा राखेर दलित महिला राजनितिले सहि दिशा ग्रहण गर्न सक्दैन ।

यस तथ्यलाई गम्भिरतापूर्वक आत्मासाथ गर्नु जरुरी छ । (आहुती २०६७)

## (ख) भाषिक र क्षत्रीय उत्पिडनसंग सम्बन्धीत समस्याः-

तराईका मैथिलि, भोजपुरी, अवधि लगायतका भाषा बोल्ने मधेशी दलित महिलामा छुवाछुत भेदभाव सहितको हिन्दुसामन्त वादमा आधारित जातीय र पितृसतात्मक शोषण उत्पिडन संगै भाशिक तथा क्षेत्रीय शोषण उत्पिडनका समस्या पनि जोलन्त रुपमा छन् । नेवार दलित महिलाका पनि भाषीक उत्पिडनका समस्या छन् मधेशी र नेवारी दलित महिलाका यी समस्या आम दलित महिलाका समस्याका अभिन्न अंग हुन । किन भने भाषिक र क्षेत्रीय शोषण उत्पिडनको अत्यविना अन्य सामस्या सामाधान भए पनि उनीहरुको मुक्ति पूर्ण हुन सक्दैन । (आहुती २०६७ )

**(ग) दलित महिलाका बिशिष्ट समस्याः-**

पितृ सतात्मक शोषण उत्पिडन संग सम्बन्धीत आम महिलाका सास्या पनि दलित महिलाका पनि साझा समस्या हुन आम महिलाका माग हुन एक समानुपातीक राजनितिक प्रतिनिधित्व । दुई सम्पतीमा समान अधिकार । तीन समान कामको समान ज्याला । चार गर्वको अधिकार । पाँच सम्बन्ध विक्षद् को अधिकार । छ सम्मानीत मातृत्वको अधिकार । यस्ता आधारभुत माग दलित महिलाका पनि साझा माग हुन । ( आहुती २०६७)

आम दलितका सास्या, आम महिलाका समस्या तथा बर्गिय क्षेत्रीय र भाषिक समस्या संग सम्बन्धीत समस्या बाहेक आम दलित महिलाका बिशिष्ट समस्या के हुन ? ती समस्या वारे प्रष्टता बाट आम दलित राजनितिक र दलित महिला राजनितिक बिचका अन्तर विरोध तथा अन्तर सम्बन्धलाई बुझ्न, भाषिक तथा क्षेत्रीय मुक्ति आन्दोलन र दलित तथा दलित महिला आन्दोलन बिचका अन्तर विरोध एवं अन्तर सम्बन्धलाई बुझ्न सजिलो हुने छ । (आहुती २०६७)

**(घ)नीति निर्माण तहमा प्रतिनिधित्वको समस्या :-**

दलित आन्दोलनको शुरु देखी दलित महिलाको व्यापक सहभागिता रहदै आएको छ । तर दलित आन्दोलनको नेतृत्व तहमा अत्यन्त कम संख्यामा दलित महिलाको उपस्थिति एउटै समस्याकै रुपमा रहेको छ । राज्यले दलितका निम्ति छुट्याउने गरेका राहत सुविधाका पनि दलित महिलाको स्थानको ग्यारेण्टि गरिएको छैन यसले गर्दा दलितका नाममा पुरुषको मात्र प्रगती निश्चित हुने गरेको छ । घर र समाजमा हुने छलफल र वैठकमा उनीहरुका मत र बिचारलाई स्थान दिने गरिएको छैन जहाँ महिलाको आवाज सुनिने चलन शुरु भएको छ त्याहा पनि दलित महिलाको आवाज सुन्ने मनोवैज्ञानिक विकास भई सकेको छैन । (आहुती २०६७ )

**(ङ) पितृसतात्मक उतिपडनको समस्याः-**

आम महिला पितृसतात्मक उत्पिडनमा छन तर दलित महिला बिशेषत खस प्र्वते र मधेशी दलित महिला घरेलुहिंसा घरेलुदलन जस्ता अत्याचारको बढि सिकार भएका छन् दलित समुदायमा रहेको पितृसतात्मक मनोविज्ञानले गर्दा दलित परिवारलार्य प्राप्त हुने अवसर उपभोगमा छोरालाई प्राथमित्तकता दिने र छोरीलाई पछाडी पारिने गरेको छ । जस्तै छोरालाई बुहारी छान्ने स्वतन्त्रता दिईन्छ भने छोरीलाई

ज्वाई छान्ने स्वतन्त्रता अत्यन्त कम दिईन्छ । दलित समाजमा अझै आम रुपमा प्रेमले सामाजिक वैद्यता प्राप्त नगर्नुले त्यसैलाई पुष्टि गर्दछ । शिक्षामा पनि छोरालाई अगाडी र छोरीलाई पछाडी पारिन्छ । यी सबै पितृसत्ता कै प्रकोप हुन भन्ने प्रष्टै छ । (आहुती २०६७)

**(च) सांस्कृतिक रुडिवादको समस्याः-**

रुडिवादी सास्कृतीक परम्परा कुपर्था र चालचलनले दलित महिलालाई बढि सिकार बनाएका छन् दलित महिला देउकी पर्था, तिलक पर्था बोक्सि पर्था वाल विवह बहि विवह जस्ता प्रथा र परम्पराका सिकार हुदै आएका छन् गरिव असाहाय पन अधिकार हिनता र अशिक्षाको वातावरणमा मौलाउने भएकाले तीनले दलित महिलालाई बढि असर पारेका छन् । रुडिवादी परम्परा प्रतिको अन्धताले उनीहरुलाई समस्या विरुद्ध लड्न समस्या उत्पन्न गरि रहेको छ । (आहुती २०६७)

**(छ) *सामाजिक हिंसा र अपराधको समस्याः-***

समाजमा महलिा विरुद्ध हुने सामाजिक हिंसा र अपराधका घटनाको प्रकोपमा दलित महिला सबै भन्दा बढि पर्ने गरेका छन् चेलिबेटि बेचविखन बलत्कार र यौन शोषण जस्ता अपराधको चंगुलमा दलित महिला अत्याधि पर्न बाध्य छन् वादी महिला माथिको संस्थागत गरिएको यौन शोषणको परि घटना यसको ज्वलन्त नमुना हो । दलितमाथि हुने दैनदिन छुवाछुत भेदभाव र अपमानको प्रकोप सबै भन्दा बढि दलित महिलाले भोग्नुपर्ने हुन्छ दलित पुरुषले गैर दलित महिला संग विवाह हुँदा भन्दा दलित महिलाले गैर दलित पुरुष संग विवाह गर्दा सयौ गुणा बढि हिंसा र अतयाचारको सिकार हुन पुग्नु त्यसैको गतिलो दृष्टान्त हो । (आहुती २०६७)

***(ज)* सामाजिक भेदभाव र अपमानको समस्याः-**

दलितमाथि हुने दैनदिन छुवाछुत भेदभाव र अपमानको प्रकोप सबै भन्दा बढि दलित महिलाले भोग्नुपर्ने हुन्छ दलित पुरुषले गैर दलित महिला संग विवाह हुँदा भन्दा दलित महिलाले गैर दलित पुरुष संग विवाह गर्दा सयौ गुणा बढि हिंसा र अतयाचारको सिकार हुन पुग्नु त्यसैको गतिलो दृष्टान्त हो । (आहुती २०६७)

**(झ)अन्तर दलित भेदभावको समस्याः-**

एकातिर दलित समुदाय बिच तहगत जात बिच हुने भेदभाव रहेको देखिन्छ अर्को तिर खस पर्वते दलित महिलाले मधेशी दलित महिलालाई अपमान गर्ने गरेको पाईन्छ  र यी दुवै समुदायका दलित महिला र

नेवार दलित महिला बिच पनि भेदभाव अन्तरविरोध हुने गरेको छ । यी सबै मुद्दा पनि दलित महिलाको एउटा गम्भिर समस्याकै रुपमा जिबित छन् । दलितमाथि हुने दैनदिन छुवाछुत भेदभाव र अपमानको प्रकोप सबै भन्दा बढि दलित महिलाले भोग्नुपर्ने हुन्छ दलित पुरुषले गैर दलित महिला संग विवाह हुँदा भन्दा दलित महिलाले गैर दलित पुरुष संग विवाह गर्दा सयौ गुणा बढि हिंसा र अतयाचारको सिकार हुन पुग्नु त्यसैको गतिलो दृष्टान्त हो । (आहुती २०६७)

**राजनितिक आन्दोलनमा दलित महिला :-**

राजनितिक आन्दोलन र दलित नेपालको आधुनिक राजनितिक आन्दोलनका प्रजातान्त्रिक तथा कम्युनिष्ट दुवै धारले शुरु देखी नेपाली समाजलाई शास्त्रिय सामन्तवादी समाजका रुपमा बिष्लेशण गर्न पुगे जुन जडशुत्रवादी बिश्लेषण थियो । किनभने नेपाली समाजको सामन्तवाद बिशिष्ट प्रकृतिको छ हिन्दु सामन्तवाद बिशिष्ट प्रकृतिको समान्त वाद हो ।

हिन्दुसामान्तवादका मुलत तीन बिशेषता छन् १. छुवाछुत भेदभाव २. अनुलंघनीय श्रम विभाजन र ३. जातका आधारमा सामाजिक, आर्थिक र राजनितिक हैसीयत निर्धारण गर्ने वर्ण व्यबस्था यी बिशेषता भएको सामान्तवाद संसारमा अन्यत्र कहि पनि थिएन यस्तो खालको हिन्दुसामन्तवादको बिश्लेषण सहि ढंगले गर्न नसकेकाले आधुनिक लोकतान्त्रिक आन्दोलनले निरपेक्षतावादी नीति लिन प'यो निरपेक्षतावादी नीति लिने हरुको भनाई छ । पार्टीमा जो पनि नेता बन्न सक्छ जुन सुकै जात समुदायको पनि हुन सक्छ । सापेक्षातामा तहगत संरचना भएको हिन्दु सामन्तवादी नेपाली समाजमा यस्तै नीतिका कारण नेता जती हिन्दु उच्च जात वर्गबाट आएको मान्छे बन्ने, राजनितिले समाजको पिधलाई अत्यन्तै कम छुने र राजनीतिक परिवर्तन पछि पनि नयाँ जमानाका शासक पुरानै जाती वर्ग समुदाय र खलक बाट आउने बिडम्वना दोहोरि रह्यो ।

यहि गलत बिश्लेषणमा आधारित नीतिका कारण नै दलित समुदायको अथाह योगदान हुँदा हुदै पनि दलित समुदाय राजनीतिक नेत्रृत्वमा पुग्ने ढोका पुलत बन्द हुन पुग्यो राज्यले गर्ने सकारात्मक निर्णय पनि दलित समक्ष अत्यन्त कम पुगे अहिले राजनीतिक आन्दोलन दलितलाई पनि कुनै तरिकाले राजनीतिक नेतृत्व र राज्यको मुल धारमा ल्याउनु पर्छ भन्ने तहमा मोटामोटी रुपमा पुगेको छ तर यो आन्दोलन नेपाली समाजको तहगत संरचनामा आधारित हिन्दु सामन्तवादी ढाँचालाई प्रभावित पार्ने नीति तय गर्नु पर्ने उचाई सम्म पुगि सकेको देखिदैन । दलित माथि हुने दैनदिन छुवाछुत भेदभाव र अपमानको प्रकोप सबै भन्दा बढि दलित महिलाले भोग्नुपर्ने हुन्छ दलित पुरुषले गैर दलित महिला संग विवाह हुँदा

भन्दा दलित महिलाले गैर दलित पुरुष संग विवाह गर्दा सयौ गुणा बढि हिंसा र अत्याचारको सिकार हुन पुग्नु त्यसैको गतिलो दृष्टान्त हो । आहुती २०६७

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

दलित जातिहरु नेपाल अधिराज्य भरि छरिएर बसेका छन् र नेपालको सबै जसो भु-भागमा बस्ने दलितहरुको वास्तविकता लगभग समान रहेको छ । नेपाल अधिराज्य भरिका दलितहरुको अध्ययन एकै चोटीमा सम्भव नभएकाले यस अध्ययनको क्षेत्र गोरखा जिल्लाको बगुवा वडा नं. ८ क्षेत्रलाई छानिएको छ । किनभने बगुवा वडा नं. ८ मा दलित र गैर दलितहरुको बाक्लो बस्ति हुनुका साथै यस क्षेत्रका दलितहरुको जिवनस्तरमा सुधार देखिए तापनि छुवाछुतबाट अझै पनि प्रभावित रहेकोले अध्ययनको रुपमा यसै क्षेत्रलाई छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरी विद्यमान छुवाछुतको अवस्था र त्यसमा आएको परिवर्तनका बारेमा अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा पाथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक तथ्यङ्क संकलन अन्तर्गत सहभागी अन्तवार्ता, नमूना छनौटलाई आधार बनाइएको छ भने द्वितिय स्रोत अन्तर्गत विभिन्न प्रकाशित पुस्तक, पत्रपत्रिका तथा तथ्याङ्क अभिलेखहरुलाई आधार बनाईएको छ । यस अध्ययनमा तथ्यङक संकलनको लागि श्थानिय शिक्षक गा.वि.स.का पूर्व अध्यक्ष, स्थानिय बुज्रुक दलित समुदायका बुज्रुकसंग अन्तरवार्ता लिएको थियो ।

## ३.४ नमुना छनौट

यस बगुवा वडा नं. ८ का ३५ घरका सम्पूर्ण दलित व्यक्तिहरुसँग प्रत्यक्ष भेटवार्ता गर्न सम्भव नहुने हुँदा यस वडामा बसोबास गर्ने कूल दलित घर परिवार संख्या मध्ये १५घर परिवारका मुलि र तिनका अरु सदस्यहरुलाई विगत र वर्तमान अवस्थामा छुवाछुतको अवस्थामा के-कस्ता थियो, के कस्ता कुराले परिवर्तन आए वा आएनन् भनि सत्य तथ्य जानकारी प्राप्त गर्ने उद्देश्यका साथ नमूना छनौट विधि को प्रयोग गरी नमूना छनौट गरिएको छ । नमुना छनौट गर्दा ३५ घर मध्यबाट वुढापाको दलित अनि

बुद्धिजिवी दलित जसले छुवाछुतको विषयमा राम्रो संग भन्न  सक्छ र जानकार छ । उसैलाई नमुनाको रुपमा छनौट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधिहरु

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्नका लागि अपनाइएका विधिहरु  निम्न रहेका छन्:

### ३.५.१ प्राथमिक स्रोत

#### ३.५.१.१ असंरचित अन्तरवार्ता

अन्तरवार्ताका लागि अन्तरवार्ता चेक लिस्ट सुचि तयार पारी केही खुल्ला प्रश्नहरुको सूची मार्फत यो अन्तरवार्ता लिइएको छ । विद्यमान छुवाछुतको अवस्था र त्यसमा आएको परिवर्तनका बारेमा व्याख्या र विश्लेषण गर्न मैले १५ जना दलित सदस्यहरुसंग असंरचित अर्न्तवार्ता लिएको छु । यो असंरचित अनर्तवार्ता गर्दा मैले उनीहरुलाई विद्यमान छुवाछुतको अवस्था र त्यसको विभिन्न सामाजिक संस्थाहरुसँग के कस्तो सम्बन्ध रहेको छ भनि सोही खालका प्रश्नहरु सोधेको छु  । साथै ती दलितहरुसँग छुवाछुतको अवस्थामा के कस्ता परिवर्तन आयो भनि यो शोध पत्र तयार पारेको छु ।

#### ३.५.१.२ प्रमुख जानकार सँगको अर्न्तवार्ता

दलित समुदायका वृद्ध तथा जानकार ५ जना व्यक्तिहरुसँग विगतमा छुवाछुतको अवस्था कस्तो थियो र वर्तमान स्थितिमा छुवाछुतको अवस्थामा के कस्ता परिवर्तनहरु आएका छन् भनि अर्न्तवार्ता लिएको छु । ति ५ जना व्यक्तिमा, स्थानिय शिक्षक, गा.वि.स. पूर्व अध्यक्ष, वृद्वा दलित, स्थानिय बुद्धिजिवी एंव स्थानिय दलित शिक्षित महिलासंग अन्तरवार्ता लिइएको छु ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न विधिबाट अध्ययनका लागि संकलन र प्रशोधन गरिएका आवश्यक तथ्याङ्कहरुलाई तिनीहरुको प्रकृति अनुसार वर्गिकरण गरि विश्लेषण गरिएको छ । जहां गुणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई आवश्यकता अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ भने परिमाणत्मक प्रकृतिका तथ्याङ्कहरुलाई तालिकामा राखि संख्या एवं प्रतिशतको रुपमा विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

नेपालका प्राय विभिन्न भु-भागमा बसोबास गरिरहेका सम्पूर्ण पहाडिया दलितहरुको अध्ययन गर्न समय बढी लाग्ने र साथै आर्थिक भार पनि बढी पर्ने भएको हुँदा यो अध्ययन क्षेत्रगत हिसाबले गोरखा जिल्ला बगुवा वडा नं. ८ मा बसोबास गर्ने पहाडिया दलितहरुको समुदायमा विद्यमान छुवाछुतको अवस्था र त्यसमा आएको परिवर्तनका बारेमा मात्र यो शोधपत्र सीमित रहेको छ । यस अध्ययनका सीमाहरु यस प्रकार छन्:

क) यो अध्ययन गोरखा जिल्ला बगुवा वडा नं. ८ का दतिलहरुको बारेमा मात्र सिमित गरिएको छ ।

ख) यस अधययनमा छुवाछुतको अवस्था र त्यसमा आएको परिवर्तनका बारेमा वर्णन गरिएको छ ।

ग) यो अध्ययन दलितहरुको छुवाछुतको बारेमा मात्र केन्द्रीत रहेकोले अन्य क्षेत्रको दलितको समस्यालाई प्रतिनिधित्व गर्न पनि सक्छ ।

# अध्याय-चार

# छुवाछुतको अवस्था

## ४.१ अध्ययन स्थलको सामान्य परिचय

गण्डकी अंचल गोरखा जिल्लाको वगुवा गा.वि.स. मा पनि विभिन्न वडाहरु मध्ये एक हो । जुन गा.वि.स.को वडा नं.८ गोरखाबजारबाट लगभग १७ कि.मि. दुरीमा रहेको यस क्षेत्रमा खानेपानी विजुली, सरकारी विद्यालय, कच्चि सडक यातायात जस्ता सुविधा उपलव्ध छन् तर यस क्षेत्रका मानीसहरु प्राय व्यपार शिक्षा एवं जागिरको लागि गोरखा बजार र राजधानीमा केन्द्रीत रहेका छन् ।

यस वडा नं.८ मा बसोवास गर्ने जातिहरुमा ब्राहमण, क्षेत्री, नेवार र दलितहरु रहेको छन् ब्राहमण क्षेत्री नेवारमा भट्टराई, भट्ट, श्रेष्ठ, वन्त रहेका छन् भने दलितहरुमा दानकुटी, परियार, सुर्खेती, विश्वकर्मा थर भएका मानिसहरु रहेका छन् । वोलीचाली र लेनदेनमा मूल भाषा नेपाली नै रहेको छ अर्थात नेपाली नै यँहाका मानिसहरुको मात्रृभाषा रहेको छ । यसक्षेत्रका सम्पूर्ण दलित तथा गैर दलित हरुले हिन्दू धर्म नै मान्ने गरेका छन् । चाडपर्वमा दशै, तीहार, तीज माघेसंकाती, चैतेदशै, जनैपूर्णिमा ( बिशेष गरेर दलित जातीले मान्ने) गर्दछन् । यस क्षेत्रका सम्पूर्ण दलित तथा गैर दलीतको भाषा संस्कृती तथा रितीरिवाजमा त्यती अन्तर नभएको देखिन्छ । तर जातीगत आधारमा भने छुवाछुतको विभेद रहेको पाईन्छ ।

## ४.२ बगुवा वडा नं. ८ का दलितहरु को सामान्य परिचय

यस क्षेत्रमा बसोवास गर्ने सम्पूर्ण घरधुरी मध्ये ३५ घर परिवार दलितहरु रहेका छन् । यस क्षेत्रमा बसोवास गर्ने दलितहरुमा अरु भन्दा दानकुटी थर भएका दलितहरुको संख्या बढि रहेको छ ।

पहाडी जिल्ला गोरखाको वगुवामा बसोवास गर्ने दलीतहरु याहाका आदिवासी नै हुन । याहाका दलितहरुको आर्थिक अवस्था विगतको तुलनामा सुधार भएको देखिन्छ । किनभने यस क्षेत्रका दलितहरु प्राय भारतमा रोजगारीको सिलसिलामा जाने, अहिलेको नयाँ पुस्ता दुवई, मलेसिया लगायतका देशमा जाने, केहि गैह्र सरकारी संस्थामा कार्यरत र पुरानो केहि पुस्ता भने ज्याला मजदुरी नै गर्ने गरेको पनि पाईयो । घर बनाउने काममा बिशेष गरेर सार्की समुदायका मानीसहरु संलग्न भएको पाईयो भने दमाई र कामी जातीका केहि दलितहरु आफ्नो पुर्खेउली पेशा नछाडेको र थोरै मात्रामा सरकारी जागीरे भएको पनि पाईयो (नेपाली सेना र प्रहरी) सबै जसो दलितहरुको कच्चि माटो ढुंगाको घर भएको तर खानलाउन भने पहिलाको तुलानामा दुख नपाएको पाईयो । आफु कमाएर आफ्नो जहान परिवार पाल्न सक्ने भएर पनि यस क्षेत्रका दलितहरु छुवाछुतको दुरव्यवहारबाट मुक्तिहुन नसकेको बताउछन् ।

अहिलेका नया पुस्ता भन्दा पुरानो पुस्ताले छुवाछुतको व्यबहार बढि खप्ने गरेका छन् किनभने पुराना दतिहरुको जिविको पार्जनको लागि गैर दलितको घरमा नगए सम्भव थिएन र उनीहरु गैर दलितको घरमा जाने अन्नपात ल्याउने अनि विहान वेलुकाको छाक टार्ने गर्दथे । उनीहरुको प्रशस्त जग्गा जमिन थिएन जस्ले उनीहरुको पविारलाई ३ महिना खान पनि मुस्किल पर्थ्यो र घर धान्नको लागि बैकल्पिक पेशा पनि उनीहरु अपनाउदैनथे बरु गैर दलितको जग्गा अधिया (खेती गरेर आधा आधा अन्न बाढ्ने) तीनखन्ने ( खेती गरे बापत २ भाग जग्गा धनिलाई दिने र १ भाग खेतीगर्ने ले लिने) खेती गर्ने गर्दथे । जस्ले उनीहरुको सामान्य गुजारा चल्दथ्यो अनि गैर दलितको अनि गैर दलितको खेती लगाउनुपरेमा सम्पुर्ण खेताला आफ्नो तर्फबाट लगि दिने र तयस वापत अन्न ल्याउने अनि खेतालालाई पर्म तिर्ने गर्दथे चाडवाढ आउदा पनि गैर दलितको भर पर्नु पर्थ्यो  लगा कपडा किन्न मासुखान अनि तेल मसलाको लागि पनि गैर दलितले नदिए उनीहरुको घरमा चाडवाढ आउदैनथ्यो त्यसले गर्दा पनि जतिनै हेपाई अनि छुवाछुत सहनुपरे पनि दलितहरु आफु दलित हुनु भाग्यको फल ठान्दै सहन्थे । पुरखेउली पेशा गर्ने कामी तथा दमाई दलितले बर्ष भरी गैरदलितको घरमा लुगा सिएर दमार्यले खेती भित्र्याउने समयमा भाग पाउथ्यो भने कामीले पनि बर्ष भरी फलाम, भाडाकुडा बनाई दिएर  भाग पाउथे जस्लाई वाली दिने भनिन्थ्यो । वाली दिदा अलि बिग्रिएको नराम्रो अन्न दिने चलन थियो त्यसैले चाडवाढमा पनि जस्तो सक्रान्तीको भाग, दशैको भाग भनेर थोरै चामल, नुन दिने चलन थियो र त्यस दिनमा पाकेको खानेकुरा खान दिने चलन थियो र आए पछि दतिहरुले आफुले खाएको भाडा माजेर घाममा सुकाएर जान्थे र सो भाडा सुके पछि आगो पानी आलेर भित्र लाने चलन थियो । तर अहिलेका नयाँ पुस्ताकृ दलितहरुले थोरै मात्रामा भए पनि पढेलेखेका छन् र उनीहरुमा जातीय चेतना आएको छ । आफु हेपिनु हुन्न हामी पनि मान्छे हौ मानीस मानीसमा केहि फरक छैन भन्ने भावना जागृत भएको छ । र उनीहरु हेपिने डरले आफै गैर दलितको घरमा जादैनन कतिपए दलितहरु आफै आत्म निर्भर बनेका छन् तयसैले विहान वेलुकाको छाक टार्न गैर दलितको मुख ताक्नु नपर्ने भएकोले पनि उनीहरु छुवाछुत विरुद्द आवाज उठाउन सक्छन् धेरै जसो दलितहरुले आफ्नो पुर्खेउली पेशा छाडेका छन् गरे पनि उनीहरु वालीमा काम गर्दैनन बरु ज्यालामा काम गर्छन् । जस्ले गर्दा उनीहरुलाई गैर दलितको घरमा वाली लिन जानुपनि पर्दैन र छुवाछुत सहनुपनि पर्दैन ।

माओवादी जनयुद्द पछि भने गैर दलितहरुले पनि सिधै गैर दलित माथि छुवाछुतको व्यबहार गर्न सक्दैनन् किनकी कानुन को डरले गर्दा प्रत्यक्ष रुपमा छुवाछुत गर्दैनन् छुवाछुत गरेमा कारवाही हुने र आफ्नै

बेईजत हुने डरले् उनीहरु आफै दलित संग टाढिने गर्दछन् बरु कामकाजमा पनि दलितहरुलाइ बोलाउदैनन् ।

## ४.२.१ जनसंख्या

कुनै पनि समुदायको सामाजिक क्रियाकलापमा त्यस समुदायको जनसंख्या र तयसको उमेरगत एवं लैङ्गीक अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जनसंख्याको संरचनामा उमेर र लैङ्गीक आधारमा त्यस जनसंख्याको सकृय र निस्कृय जनसंख्याको स्थिति थाहा पाउन सकिन्छ । जस्ले सामाजिक पक्षमा तिनिहरुको प्रभावको वारेमा अध्ययन गर्न मद्दत पुग्दछ । तयसैले यस अध्ययन क्षेत्रका दलितहरुको उमेर र लैङ्गीक आधारमा प्राप्त जानकारी लिई याहा प्रस्तुत गरिएको छ ।

तालीका नं. १ उमेर र लैङ्गीक आधारमा दलितहरुको जनसंख्या विवरण :-

| क्र.सं. | उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-१५ | १३ | १६.४५ | २७ | ३२.१४ | ४० | ३४.५३ |
| २ | १६-३० | ३४ | ४३.०३ | २८ | ३३.३३ | ६२ | ३८.०३ |
| ३ | ३१-४५ | १५ | १८.९८ | १४ | १६.६६ | २९ | १७.६९ |
| ४. | ४६-६० | ०९ | ११.३९ | १२ | १४.२८ | २१ | १२.८८ |
| ५. | ६१+ | ०८ | १०.१२ | ३ | ३.५१ | ११ | ६.७४ |
| जम्मा | | ७९ | १०० | ८४ | १०० | १६३ | १०० |

तालीका नं.१ का अनुसार अध्ययन क्षेत्रका दलित हरुको जनसंख्या १६३ रहेको छ जस मध्य ४८.४७ प्रतिशत पुरुष तथा ५१.५३ प्रतिशत महिला रहेको देखिन्छ । उमेरको आधारमा हेर्दा सव भन्दा बढि पुरुष तर्फ १६-३० बर्ष उमेर समुहमा ४३.०३ प्रतिशत र महिला तर्फ पनि १६-३० बर्ष उमेर समुहमा ३३.३३ प्रतिशत रहेको छ । त्यस्तै सवै भन्दा कम जनसंख्या ६१+ बर्ष उमेर समुहमा रहेका छन् ।

### ४.२.२ अध्ययन क्षेत्रका दलितहरुका थरहरु

वर्ण व्यवस्था अन्तर्गत चार जात भित्र सबै भन्दा तल्लो भनिने जात शुद्र हो । जसलाई आज भोलि दलित भनिन्छ । यस भित्र पनि तिनिहरुका विभिन्न थरहरु हुने गर्दछन् । अध्ययन क्षेत्रका दलितहरु का पनि विभिन्न थरहरु रहेका छन् । जस्लाई तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : नमुना छनौट गरिएका दलितहरुको थरको विवरण**

| क.सं. | थरको विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दमाई (परियार) | १० | २८.५७ |
| २ | कामि (विश्वकर्मा) | १० | २८.५७ |
| ३ | सार्कि (दानकुटी) | १० | २८.५७ |
| ४ | सार्की (सुर्खेती) | ५ | १४.२८ |
| **जम्मा** | | **३५** | **१००** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

अध्ययनका लागि छनौट गरिएका ३५ वटा घरहरु मध्य तालिका नं. २ का अनुसार अध्ययन क्षेत्रमा परियार थर भएका दलितहरु २८.५७ विश्वकर्मा थर भएका जुन कामी अन्तर्गत पर्दछन् । उनीहरु पनि २८.५७ प्रतिशत रहेका छन् त्यस्तै सार्की अन्तरगत पर्ने दानकुटी थर भएका २८.५७ र सार्की अन्तरगत पर्ने सुर्खेती थरका दलितहरुको घर संख्या १४.२८ प्रतिशत रहेको छ । यस अध्ययनको आधारमा के स्पष्ट हुन्छ भने परियार विश्वकर्मा र दानकुटीको वरावर नै घर संख्या रहेको तर सुर्खेतीको भने उनीहरुको तुलनामा कम रहेको पाईयो ।

## ४.३. पेशा

यस अध्ययन क्षेत्रका प्राय दलितहरु गैरसरकारी संस्थाहरुमा कार्यरत रहनुको साथै रोजगारीको लागि खाडी मुलुक,राजधानी तथा छिमेकी मुलुक भारत जाने गरेको पाईयो व्यापार व्यवसायमा कम संलग्न यहाका दलितहरुको कसै कसैले फर्निचर पसल संचालन गरेको हसैले घर बनाउने काम गर्ने गरेको । अहिलेका केहि थोरै युवाहरु सथानीय विद्यालयमा शिक्षकको रुपमा काम गरेको तर खाद्य सामाग्रीको पसल वा व्यबसाय भने संचालन नगरेको पाईयो प्राय पुराना दलित अर्थात बुढापाका दमाई तथा कामीले भने आफ्नो परम्परागत पेशा लुगा सिउने र फलामका भाडा बनाउने गरेको तर नयाा

पुस्तामा भने आफ्नो परमपरागत पेशामा लगाव नभएको पाईयो । त्यस्तै सार्की समुदायको परम्परागत पेशा जुत्ता सिउने तथा बनाउने काम पूर्ण रुपमा नै छाडेको पाईयो । बरु वाहुन क्षेत्रीको जग्गामा अधिया गरेर आफ्नो जिविको पार्जन गरेको पाईयो ।

**तालीका नं.३ पेशाको विवरण**

| क्रम.सं. | पेशा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २५ | ४०.३२ |
| २. | व्यापार व्यवसाय | ५ | ८.० |
| ३. | परम्परागत पेशा | १० | १६.१२ |
| ४ | वैदेशिक रोजगार | १५ | २४.१९ |
| ५. | नोकरी | ७ | ११.२९ |
| जम्मा | | ६२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

तालीका नं. ३ का अनुसार कृषि पेशामा ४०.३२ प्रतिशत, व्यापारमा ८.० प्रतिशत, परम्परागत पेशामा १६.१२ प्रतिशत, वैदेशिक रोजगार २४.१९ प्रतिशत र नोकरीमा ११.२९ प्रतिशत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रका दलितहरु सवै भन्दा बढी वैदेशिक रोजगार प्रति आकर्षित भएको पाईयो । त्यस्तै सवै भन्दा कम ८.०६ प्रतिशत व्यापार व्यबसायमा संलग्न भएको पाइयो किनकि त्यस क्षेत्रमा छुवाछुत प्रथा अझै विद्यमान रहेका र व्यापारमा बढि आद्यन्न तथा होटल व्यवसाय चल्ने तर दलितले यी व्यबसाय संचालन गर्दा गैर दलितले उनीहरुको पसलमा खरिद नगर्ने तथा छोएको नखानाले यस व्यबसायमा दलितको उपस्थिती पाईदैन । केहि व्यापारमा संलग्न भए पनि अखाद्य पदार्थ जस्तै फर्निचर, जुत्ता पसल आदि मात्र संचालन गरेको पाईयो ।

## ४.४ बिगतको छुवाछुतको अबस्था

नेपाल अझै पनि रुडि-वादी परम्पराले ग्रसित मुलुक हो । शिक्षा चेतना एवं निर्माण भएको कानुनको कार्यान्वयनको अभावले पनि याहाको जनताको सोचाईमा परिवर्तन आउन सकेको छैन । वर्तमान लाई भन्दा विगतलाई नियाल्दा त्याहाका अधिकांस मानीसहरुमा चेतनाको विकास हुन नसकेको पाईयो । यस रुढिवादी सोचबाट गोरखा जिल्ला पनि अलग रहन सकेको थिएन र छैन पनि गोरखा जिल्ला बगुवा वार्ड

नं.८ मा अधिकांस ब्राह्मण क्षेत्री र नेवार समुदायको भिडमा दलित समुदायको पनि बस्ति रहेको र उनीहरु छुवाछुतबाट वर्तमानको तुलनामा विगतमा अत्याधिक गैसीत थिए विगतका गैर दलितमा पनि आफुदलित हुनुभाग्यको फल भएको र छुवाछुत सहनै पर्छ भनने भावना थियो धारा, कुँवा, पसल अनि विद्यालयमा पनि उनीहरु माथि सिधै छुवाछुत हुन्थ्यो गैर दलित धारामा आए भने दलितहरु पन्छेर टाढै बस्थे उनीहरुको भाडा कुडा र स्वंयम मानीसलाई पनि छुन पाईदैनथ्यो । टाढाबाट गैर दलित आए भने बाटो छोडि दिनुपर्थ्यो । अन्जानमा गैर दलितलाई छोएमा छिटो हालेर चोखिन्थ्यो । र माथिल्ला जातीहरुबाट गाली पनि सहनुपर्थ्यो चमारे, डाग्रे, डुम जस्ता नराम्रा शव्दको प्रहार हुन्थ्या र दलितहरु चुपचाप सहन्थे । उल्टै हजुर, मुखिनी, मुख्या माफ गरि दिनु होस भन्थे बिहानै कामीलाई देख्यो भने साईत परेन भनेर तथानाम गाली गर्ने चलन थियो । यदि गैर दलितको घरमा विबाह एवं अन्य भोजको कार्यक्रम भएमा दलितलाई निम्ता दिईन्थ्यो तर छुट्टै ठाँउमा लगेर खुवाउने चलन थियो । अथवा उनहिरुका लागि छुट्टै पकाउने ठाउ छुट्याए र उनीहरुकै मान्छे बनाई दलितलाई मात्रै खुवाउने व्यबस्था गरिन्थ्यो । यदि कोहि गैर दलितको घरमा जानुपरेमा गैर दलितले आफ्नो लागि खाजा द्धर बाटै लान्थे तर अन्य दलितले भने जस्को काम हो उसैको घरबाट ल्याएको खाजा खान्थे । यदि दलितले चिया पसल वा खाजा पसलमा पैसा तिरेर चिया, खाजा खादा पनि आफुले खाएको भाडा माजेर सुकाउनुपर्थ्यो । केहि सामान किन्दा दलितलाई नछोईकन परै बाट हात थाप भन्ने चलन थियो । ठुलो दलितले पनि सानो गैर दलितलाई बोलाउदा तपाई, हजुर भन्नुपर्ने र सो गैर दलितले पनि ठूलो दलितलाई नामले बोलायने तँ तिमी भन्ने चलन थियो ।

गैर दलितका फटेका कपडा बासी खाना अथवा आफुलाई नमिठो लाग्ने कुनै चिज लैजा तलाई मैले राखि दिएको यो लगे वापत यति काम गरिदे भन्ने चलन थियो र दलितहरु पनि चुपचाप सहन्थे र खुसी भएर जान्थे उनीहरुलार्य लाग्थ्योकी हामीहरुलाई गैर दलितले माया गरेका छन् उनीहरुनै हाम्रा भगवान हुन सवैथोक हुन ।

गैर दलितमा चेतनाको विकास भएको थिएन जस्ले जे भने पनि हामीले मान्नै पर्छ यहि नै हाम्रो भाग्य हो अनि दिन चर्या हो भन्थे । यदि गैर दलितका घरमा कुनै गाइृ भैसी वा अरु कुनै जनावर मरेमा वा मर्न लागेमा त्यो लगेर मासुखा अन्ने वा लगेर फाल भन्थे बिचरा दलितहरु खुसी हुँदै लगेर खान्थे । फेरी गैर दलितले पनि गाली खानुपरेमा कमारे, डाग्रे, डुम सिनो खाने जात भन्थे तर बिचरा दलितहरु चुपचाप सहन्थे । यदि गैर लददलितको घरमा कुनै धार्मिक काम गर्न दिन वा चोखो वा श्राद्द एकछाकी ब्रत बसेको दिन दलित संग बोल्न हुदैन भन्थे र दलीतहरु ब्रत वा धार्मिक दिन छ भने आफै टाढा भई दिन्थे ।

उनीहरुमा यदि आफुले गैरदलितलाई बोलायो भने आफैलाई पाप लाग्छ भनने भावनाको विकास भएको थियो यदि कोहि दलितले पैसा कमायो भने उ अब कमाउने भयो हामी भन्दा ठूलो भयो भनेर होच्याउने चलन थियो । यदि सम्म की गैर दलितका छोरा छोरी स्कुल गएर आए पछि दिन भरी को को लाई छोएर आयो भनेर छिटो आलेर मात्रै घर भित्र पसाउने चलन थियो ।

## ४.५ विद्यमान छुवाछुतको अवस्था

नेपालका अधिकांश दलित समुदाय हिन्दु धर्मावलम्बी भए ता पनि बढी मात्रामा हिन्दु धर्मावलम्वीहरुबाट नै शोषित, बहिष्कृत र त्रिष्कृत भएका छन् । जन्म, मृत्यु, विवाह जस्ता संस्कारहरु विभेदको सिकार भइरहेका छन् । आफ्नो धार्मिक परम्परा र संस्कार अनुरुप सामाजिक कार्य गर्नबाट वञ्चित छन् भने आफैले कुदेंका मुर्ति पुज्न पाएका छैनन दलितलाई अशुद्ध समुदायको रुपमा हेरिन्छ । उनीहरुले छोए, टेके वा उपभोग गरे त्यो वस्तु नै अशुद्ध हुन्छ भनी आफुहरु सुरक्षित रहन उच्च जातिय व्यक्तिहरु अनेकौ हर्कत गर्न पछि पर्दैनन् । सार्वजनिक स्थलमा पनि छुवाछुतको कुरा उठाई सामाजिक रुपमा नै तिरस्कार गरिएको पाइन्छ । उनीहरु माथि गरिने संवोधनमा पनि पुर्ण रुपमा होच्चाउने र अपमान जनक शब्दहरु (चमार, डाङग्रे, डुम ) को प्रयोग गर्ने गरेको पाइन्छ । दलित को इज्जत, प्रतिष्ठालाई वेवास्ता गरी अपमानित गर्ने होच्चाउने तथा घृणा गर्ने प्रकृति समाजमा अझै कायम रहेको छ । वास्तवमा दलित समुदाय प्रति गरिने सबै प्रकारका विभेदको प्रमुख आधार जातिय छुवाछुत प्रथा नै हो ।

वडा नं. ८ वगुवामा बसोबास गर्ने दलित समुदाय पनि जातिय छुवाछुतबाट मुक्त छैनन । यहाका ब्राहमण , क्षेत्री, नेवारहरु यस क्षेत्रका शिक्षित र जानकार व्यक्ति अर्न्तगत पर्दछन् । अशिक्षीत व्यक्तिहरुले ठाडै छुवाछुतको व्यवहार गर्ने गर्दछन् । त्यस्तै कुनै सामान तथा खाने कुराहरु दिंदा हात थाप भनि माथिबाट उसलाई नछोई हातमा खसाली दिने गर्दछन् भने शिक्षीत व्यक्तिहरुले पनि सिधै छुवाछुतको व्यवहार नगरे पनि घुमाउरो तरिकाले छुवाछुतको व्यहार प्रस्तुत गर्ने गर्दछन् । जस्तै दलित हरुलाई आफ्नो घर भित्र नलगी बाहिरै बसौंन भन्ने, दलितको घरमा खानु परेमा आज मेरो ब्रत छ अथवा मलाई आज भोक छैन भन्ने गर्दछन् । उनीहरुबाटनै बढी छुवाछुतको व्यवहार हुने अनुसन्धान को क्रममा यस क्षेत्रका दलित उत्तरदाताहरुबाट थाहा हुन आएको छ । यस क्षेत्र को विद्यमान छुवाछुतको अवस्थाको बारेमा उत्तरदाताहरुका अनुसार विभिन्न पक्ष बारे अध्ययन गरिएको छ ।

## ४.६ सामाजिक पक्ष

वगुवा वडा नं. ८ का दलितहरु छुवाछुतको व्यवहार बाट प्रभावित भएको देखिन्छ । सामान्यतया समाज, टोल छिमेकमा गैर दलित व्यक्तिहरु छुवाछुत नगरेको जस्तो देखाएता पनि व्यवहारमा भने त्यसलाई ल्याउन नसकेको उत्तरदाताहरु बताउंछन् । यस क्षेत्रका दलितहरु ले उत्पादन गरेको दुध, दही, घ्यु जस्ता चिजहरु विक्रि हुदैंन उनीहरुले गरेको व्यवसाय व्यापारहरुमा प्राय गैर दलितहरु खरिद नगर्ने गरेको देखिन्छ । यस क्षेत्रका दलितहरु ब्राहमण क्षेत्री, नेवारहरु को घर भित्र जान पाउंदैनन् । रितिरिवाज, चाडपर्व, धर्म, संस्कार जस्ता कुराहरु मा यहांका गैर दलितमा परम्परावादी चिन्तन को बाहुल्यता रहेको पाइन्छ । यहाँ सम्मकी याहाँका वाहुन क्षेत्रीले दलितहरुलाई आफ्नो घरको दहि तथा ध्युँ जस्ता पदार्थ दिदैनन् र वेच्दैनन पनि दियो भने भैसी रुखामा चड्छ भन्ने परम्परावादी सोच गैर दलितमा छ ।

### ४.६.१ विवाह

उत्तरदाताहरु का अनुसार यस क्षेत्रका दलित तथा गैर दलितहरु आ-आफ्नै जात भित्र मात्रै विवाह गर्ने गर्दछन् र विवाह का अवसरहरुमा प्राय यदि गैर दलित को विवाहको अवसर छ भने त्यहां दलितलाई निमन्त्रणा गरिदैन । यदि पढेलेखेको तथा अर्थिक रुपले सम्पन्न दलित छ भने उस्लाई मात्र निमन्त्रणा गरिन्छ तर उस्लाई घर भित्र प्रवेश गर्ने अवस्थाबाट टाढै राख्ने गरिन्छ । राम्रो स्वागत गरेझैं उसलाई बाहिर बाटै विदा गर्ने गरेको पाइन्छ । तर यदि दलितको घरमा विवाहको अवसर हुंदा गैर दलितलाई निमन्त्रणा गर्दा पनि नआउने गरेको ६२ वर्षिया भक्त बहादुर दानकुटीले बतानु भयो ।

### ४.६.२ मन्दिर

अध्ययन क्षेत्रमा शिवको मन्दीरमा दलितहरुलाई प्रवेश निशेध गरिएको छ । यो कुरालाई लिएर यस क्षेत्रका दलितहरुले विरोध गर्दा प्रत्यक्ष रुपमा पस्न पाईन्छ भने पनि मन्दीरमा ताला लगाउने गरेकोले. उनीहरु दर्शन गर्न पाउदैनन् ।

### ४.६.३ पसल

उत्तरदाताहरुका अनुसार अध्ययन क्षेत्रमा किराना पसल प्राय गैर दलितहरुले मात्र खोलेको पाइन्छ । दलितहरुले पसल खोलेका छैनन् किन भने गैर दलितको पसलमा सबै दलित र गैर दलितहरुले सामान खरिद गर्ने गर्दछन् तर दलितको पसलमा केवल दलितहरु मात्र सामान खरिद गर्ने गर्दछन् गैर दलितहरु सामान खरिद गर्ने गर्दैनन् । केहि वर्ष पहिले देशमा सञ्चालन भएको माओवादी युद्ध को समय अघि

पसलहरुमा छुवाछुतको व्यवहार गरिन्थ्यो जस्तै दलितलाई सामान तथा पैसा दिंदा टेवलमा राखिदिने वा हात थाप भनि माथिबाट हातमा खसालीदिने गरिन्थ्यो तर पछिल्लो समय अर्थात आज भोली दलितहरु पसलमा सामानहरु खरिद गर्न जांदा छुवाछुतको व्यवहार नभएको उत्तरदाताहरु बताउंछन् ।

### ४.६.४ विद्यालय

सामान्यतया यस क्षेत्रमा रहेका सरकारी स्कुलहरुमा दलित विद्यार्थीहरु माथी छुवाछुतको व्यवहार नभएको देखिन्छ । विद्यालय भित्र दलित तथा गैर दलितका केटा केटीहरु एउटै बेन्चमा बस्ने, संगै खेल्ने, एउटै चर्पिको प्रयोग गर्ने गर्दछन् । तर सोही विद्यालयका शिक्षकहरुले विद्यालय बाहिर भने छुवाछुतको व्यवहार गर्ने गरेको पाइन्छ ।

### ४.६.५ घर परिवार

अध्ययन क्षेत्रमा वसोबास गर्ने सम्पुर्ण दलित र गैर दलितहरुको घर परिवारको अवस्थालाई हेर्दा प्राय यहां आ-आफ्ना जात वा खलक अनुसार अलग अलग ठाउंमा समुह बनाए झैं गरी घर बनाएर बस्ने टोल क्षेत्री टोल र बाहुनहरु मात्रै बस्ने बाहुन टोल त्यस्तै दलितहरु मात्रै बस्ने टोल जनजाति टोल भन्ने गरिन्छ । त्यसमा पनि नेवारीहरु बस्ने टोलमा केही घर बाहुन क्षेत्रीहरु का रहेका छन् तर दलित बस्ने टोलमा एउटा पनि बाहुन क्षेत्री वा नेवारहरुको घर नरहेको पाइन्छ ।

## ४.७ आर्थिक पक्ष

सामान्यतया नेपाली समाजमा दलितहरु प्राय सबै कुराहरुमा पछाडी परेको पाइन्छ । त्यस मध्ये आर्थिक पक्ष पनि एक हो । प्राय दलितहरु आफ्नो जिविको पार्जन का निम्ति परम्परागत पेशा जस्तै फलाम का हतियारहरु बनाउने, डोका तथा नाङ्लो बुन्ने, लुगा सिउने जस्ता कामहरु गर्ने गर्दछन् । तर यहांका दलितहरुले भने केही हद सम्म परम्परागत सिल्पी पेशा लाई छोडि सकेको पाइन्छ । यस क्षेत्रका दलितहरु प्राय गरेर दलित समुदाय संग सम्बन्धित रहेर कार्य गर्ने गैर सरकारी संस्थाहरुमा कार्यरत रहेको पाइयो । परम्परागत पेशालाई पनि व्यवसायिक रुपमा गर्ने गरेको पाइयो । यस क्षेत्रका दलितहरु कृषि पेशामा पनि संलग्न रहेको देखिन्छ । तर सबैसंग पर्याप्त मात्रामा जमीन नभएका कारण ज्याला मजदुरी बढी सक्रिय रहेको देखियो । प्राय केही दलित व्यक्तिहरु रोजगारका निम्ति भारत तथा खाडी मुलुक तिर पनि गएको पाइयो । समग्रमा यहांका दलितहरुको आर्थिक पक्ष मध्यम भएता पनि यस क्षेत्रका दलितहरु छुवाछुतको व्यवहारबाट टाढा हुन सकेको पाईदैन ।

### ४.७.१ घरायसी कामकाजमा दलितको उपस्थिती

यस क्षेत्रका गैर दलितहरु घरायसी काम जस्तै झयाल, ढोका बनाउनु परेमा, बिजुली, पानी को कल बिग्रेको बेलामा वा बनाउनु पर्ने अवस्थामा भने दलितलाई घरभित्र नै प्रवेश गराउने गर्दछन् । पानीको धारा कल लाई छुन दिने गर्दछन् । तर त्यही कल बनिसके पछि भने दलित लाई छुन दिदैनन् । काम गरेर दलित फर्कि सके पछि सारा घरमा सुनपानी छर्केर शुद्ध बनाउने गर्दछन् ।

## ४.८ सांस्कृतिक पक्ष

अध्ययन क्षेत्रका दलित समुदायको सांस्कृतिक पक्षका बारेमा भन्नु पर्दा यस क्षेत्रमा बसोबास गर्ने सम्पुर्ण दलित तथा गैर दलितहरुको समान किसिम को संस्कार, परम्परा, रितीरिवाज, भेषभुषा, लवाई खुवाई, भाषा भएको पाइन्छ । हिन्दु धर्मावलम्बी भएका कारण यस क्षेत्रका सम्पुर्ण दलित तथा गैर दलितहरुको संस्कृति एक जस्तो भएता पनि जात फरक भएका कारण विभिन्न सांस्कृतिक पक्षहरुमा यस क्षेत्रका दलितहरु छुवाछुतको व्यवहारबाट प्रभावित रहेको पाईयो ।

### ४.८.१ चाडपर्व

अध्ययन क्षेत्रका दलित तथा गैर दलित समुदायले दशैं, तिहार, तिज, माघेंसंक्रान्ति, जनैपूर्णिमा जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । चाडपर्वहरुका बेलामा पनि दलितहरु छुवाछुतको व्यवहार बाट टाढा रहन नसकेको कुरा उनीहरु बताउंछन् । यस अध्ययनमा चाडपर्व का बेला दलितहरु माथि हुने गरेको व्यवहार को अध्ययन गरिएको छ ।

### ४.८.२ दशैं

दशैं हिन्दुहरुको महान चाड हो । यस क्षेत्रमा बसोबास गर्ने दलित तथा गैर दलित हरुले यस चाडलाई विषेश धुमाधामका साथ मनाउने गर्दछन् । यस क्षेत्रमा दशैं को बेलामा दलितले आफ्नै छुट्टै ठाउमा राँगा, सुंगुर काट्ने गर्दछन् भने गैर दलितले पनि आफ्नै घरमा खसी, वोका तथा कुखुरा काटेर मासु खान्छन् । टीका लगाउदा पनि आफ्नो समुदाय भित्र मात्र लगाउदछन् कोहि गैर दलितले दलितलाई खान बोलाएमा घर वाहिर आगनमा खान दिन्छन् र खाई सके पछि आफुले खाएको भाडा सफा गरेर सुकाएर जान्छन् जुन भाडा सुके पछि मात्र गैरदलितले घर भित्र लान्छन् । यसरी गैर दलितको घरमा खान अहिलेका नया पुस्ता जान मान्दैनन् तर पुराना केहि भने बोलाएको खण्डमा जान्छन् र छुवाछुत पनि सहन्छन् ।

## ४.८.३ तिहार

गैर दलितहरुले जस्तै दलितहरुले पनि तिहार धुमधामका साथ मनाउछन् तर उनीहरु आफ्नो समुदाय भित्र देउसी, भैलो खेलेर मनाउछन् किनकि गैर दलितको घरमा जादा छुवाछुतको व्यवहार हुने हुनाले त्यो व्यबहारको सामना गर्नु भन्दा आफ्नै समुदाय भित्र गर्वका साथ रमाईलो गर्छन । बरु गैर दलितको सिको गरेर नयाँ नयाँ तरिकाले चाडपर्व मनाउने प्रचलन दलित समुदायमा बढेको छ ।

## ४.८.४ तिज

यस क्षेत्रका दलित तथा गैर दलित महिलाहरु सबैले तिज पर्व धुमधामका साथ मनाउने गर्दछन् । तर नाचगान तथा रमाईलो गर्दा दलित र गैर दलितहरु अलग अलग गर्ने गर्दछन् । मन्दीरमा पुजा गर्न गैर दलित मात्र जान्छन् तर दलितहरु भने हेपिने र विवाद हुने डरले कमै मात्रमा जान्छन् ।

## ४.८.५ माघे संक्रान्ति

यो चाड पनि दलित समुदायले गैर दलितको जस्तै गरी मनाउछन् माघे संक्रान्तिमा लट्टे खाने यहाको चलन छ । यो पकाएर खान्छन् (ध्यू, चिनी, सखर र चामल बाट बनाईने परिकार) पहिला यो लट्टे खाने चलन वाहुन क्षेत्री समुदायमा मात्र प्रचलित थियो । दलितहरुलाई गैर दलितले खान बोलाउथे तर अचेल उनीहरु गैर दलितको घरमा खान नगई आफै पकाएर खान्छन् तर केहि पुराना बुढापाका दलितहरु भने खान जाने, बाहिर आगनमा बसेर खाने अनि जुठो भाडा माज्ने गर्दछन् । बुढापाकाहरुमा अझै पनि छुवाछुतलाई सामान्य रुपमा लिने चलन छ ।

## ४.८.६ जनै पूर्णिमा

यस पर्व पनि गैरदलितले जस्तै दलितले पनि मनाउाछन् । क्वाटी लगायत माछा मासु पकाएर खान्छन् त्यस्तै रक्षा बन्धन वाध्ने चलन पनि छ तर उनीहरुको घरमा वाहुन पुरोहित जादैनन् किनभने छुवाछुत अझै विद्यमान छ । दलितको घरमा उनीहरुको ज्वाई भान्जा आएर रक्षा बन्धन वााध्ने चलन छ ।

## ४.८.७ नाता सम्बन्ध

सामाजिक हिसाब ले एउटै समाज छिमेक मा बस्दा प्राय मानिसहरु सबै संग सामान्यतया कुनैन कुनै साइनो लगाई बोलाउने गर्दछन् । जस्तै दाई, भाउजु, दिदि भाई आदी । तर जहां सम्म बाहुन क्षेत्री वा नेवार र दलित व्यक्तिहरु बिच को साइनो लगाएर बोलाउने मा यो कुरा लागु हुदैन किन भने प्राय

बाहुन क्षेत्री वा नेवारहरु आफुसँग साइनो नाता लगाएको मन पराउंदैनन् । अध्ययन क्षेत्रको अवस्था मा केही हद सम्म नाता साइनो लगाउने कुरामा यस क्षेत्र का बाहुन क्षेत्रीहरु दलितहरुले नाता साइनो लगाएर बोलाए को मन पराउंदैनन् तर उनीहरु भने दलितको बुढो मान्छे छ भने पनि सिधै नाम भनेर नै बोलाउने गर्दछन् । तर दलितहरु बाहुन क्षेत्री वा नेवार हरुसँग बोल्दा मालिक, साहु वा मुखिया भनि संबोधन गर्दछन् । तर अहिले का दलित युवाहरुले भने यस्तो नियम को विरोध गरेको पाईयो ।

## ४.९. राजनैतिक क्षेत्रमा दलितहरुको सहभागिता

मानिसहरु राजनितिबाट आफ्नो वर्गको हित गर्न सकिन्छ भनेर राजनीतिमा संलग्न भएको पाइन्छ । यहांका दलितहरु पनि राजनीतिक क्षेत्रमा लागेर शक्ति आर्जन गरी उपल्लो जातिबाट हुने गरेको अन्याय अत्याचार र उत्पीडितको विरुद्ध एक जुट भई आफ्नो जातिलाई स्वतन्त्रतापुर्वक देशको मुल प्रवाहमा समाहित बनाउन चाहान्छन् । तर समाज परिवर्तनका विभिन्न सोच भएता पनि अध्ययन क्षेत्रका दलित नेताहरुको राजनीतिक क्षेत्रमा न्युन पहुच रहेको देखिन्छ । कांग्रेस, एमाले, नेकपा माओवादी जस्ता पार्टी मा सक्रिय भएका दलित नेताहरु आफ्नो पार्टी भित्र तल्लो स्तरमा नै रहेका छन् । नेपालको कुनै पनि पार्टिहरुको पार्टि केन्द्रिय कमिटीमा दलितको नेतृत्व केवल आरक्षण कोटा पुरा गर्न मात्र सहभागी गराउनु, दलितहरुको नेतृत्व वर्ग संग राम्रो सम्बन्ध हुन नसक्नु, आर्थिक रुपले कमजोर हुनु जस्ता कारणले गर्दा दलित प्रतिनिधिहरुले चुनावमा टिकेट पाउन पनि गाह्रो हुने र आफु भन्दा माथिका ठुला नेताहरुले नेतृत्व पनि दलितहरुको मात्र गर्न दिने कुरा उत्तरदाता ने.वि.संघका युवा नेता बताउंदछन् ।

## ४.९.१ राजनैतिक क्षेत्रमा दलित महिलाको सहभागिता :-

नेपाल पुरुष प्रधान देश हो । याहाका अधिकांस क्षेत्रमा पुरुषको पहुँच कायमा रहन्छ । महिलाहरु केवल तललो स्तरमा रहन्छन् अधिकांस निर्णय पुरुषले गर्दछन् । घर होस वा अफिस अथवा सार्वजनिक सभा समारोह जहा पनि पुरुषको निर्णय नै अन्तिम हुने गर्दछ । संविधानले महिलालाई ३३ प्रतिशत आरक्षण कोटाको व्यबस्था .गरे पनि तयसको कार्यान्वयन हुन सकेको छैन । हाम्रो समाजले ठूलो मानेको अथवा छुट मानिने उपल्ला जातीको तथा सार्वजनिक स्थान एवं राजनितिक प्रकृयामा कम उपस्थित देखिन्छ भने दलित महिलाको त झनै एकदमै कम उपस्थिति रावैया स्तरमा नै देखिन्छ ।

अध्ययन स्थल गोरखा जिल्लाको बगुवा वार्ड नं.८ का दलित महिलाहरु पनि राजनितिक क्षेत्रमा खासै सहभागी नभएको पाईयो अहिलेका नयाँ पुस्ताका महिलाहरु केहि शिक्षीत देखिए पनि छिट्टै विवाह गर्ने र घर भित्र नै सिमीत रहेको पाईयो १/२ जना महिलाहरु भने जागीर खाने र स्थानीय स्तरमा दलित

समस्यालाई उठाउने र छुवाछुतको विरोध गर्ने गरेको पाईयो नत्र खासै दलित महिलाहरुको राजनैतिक क्षेत्रमा सहभागी नभएको अध्ययनले बताएको छ ।

# अध्याय -पाँच

## छुवाछुतको अवस्थामा आएको परिवर्तन

विद्यमान छुवाछुतको बारेमा भन्नु पर्दा नेपाली समाज अझै पनि छुवाछुत प्रथामा ग्रसित नै छ । दलित प्रति हुने दुरव्यवहार मात्र बाहिरी रुपमा कम भएको देखिन्छ जस्तै दलित व्यक्तिसँग छोइए पनि छोइछिटो हालेर चोखिने चलन प्राय कम भएको देखिन्छ प्राय ठाउंहरुमा गैर दलितको घरको मरेको सिनु फाल्नु पार्ने चलन कम भएको छ त्यसै गरी रिथी बनाउने, गैर दलितको घरमा हुने विभिन्न अवसरहरुमा गइ काम गर्नु पर्ने बाजा बजाउनु पर्ने , बोल्दा हजुर मालिक, मुखिया भन्नुनै पर्ने बाध्यताबाट मुक्त भएको देखिन्छ ।

घर छोडेर बाहिर हिड्ने कुनै कट्टरपन्थीले सार्वजनिक यातायात का साधनबाट यात्रा गर्दा छोइएला भनेर अलग यातायात साधन को प्रयोग गर्न वा हिडेर यात्रा गर्न सम्भवनै छैन । त्यसै गरी देश विदेशबाट आएका औषधि वा अन्य खाने कुराहरु खोज तलास गरेर खान पनि संम्भव छैन । यसरी प्रविधिको विकास र बजारको विस्तारले पनि छुवाछुत को अवस्था कम गर्नमा केही सहयोगी भुमिका खेलिरहेको छ (शर्मा, २००४) । तर यि सबको अर्थ छुवाछुत कम भैसकेको होइन छुवाछुतको व्यवहारको स्वरुपमा मात्रै परिवर्तन आएको हो । छुवाछुत भने जिवित नै छ । अध्ययन क्षेत्र बगुवा वडा नं. ८ मा अनुसन्धान गर्दै जाने क्रममा यस ठाउंका दलितहरु उनीहरु स्वयंम आफ्नो तर्फबाट सक्षम भई आफु प्रति गैर दलितहरुले दुर व्यवहार नगरुन भन्न का निम्ति गैर दलितहरु सरह आफ्नो स्तर सुधार प्रति लागि परेका देखिन्छन् । वर्तमान अवस्थामा छुवाछुतको व्यवहारमा परिवर्तन आउना विभिन्न कारण अवस्थाहरु रहेका छन् ।

विगतको तुलनामा बर्तमानमा दलितमाथि हुने छुवाछुतमा केहि हद सम्म कमी आएको छ । माओवादी जनयुद्दको प्रभाव, दलित मुक्ति आन्दोलन एवं नयाँ संविधानले पनि दलित प्रतिको छुवाछुतलाई केहि हद सम्म भए पनि कम गरेको छ । आफ्नो वर्गको स्वतन्त्र एवं हितको लागि दलितहरु आफै सकृय भएर वर्तमान अवस्थामा अगाडी बढेको पाईएको छ । गोरखा जिल्ला बगुवा वार्ड नं. ८ का दलितहरु विगतमा भन्दा वर्तमानमा शिक्षीत बनेका छन् । जस्को प्रभावले पनि छुवा छुतको विरुद्द निडरका साथ आवाज उठाउन सक्ने भएका छन् । यदि कसैले आफु विरुद्द भेदभाव गर्‍यो भने सिधै प्रशासनमा उजुरी गर्न सम्म आँट उनीहरुमा विकास भएको छ । यस्ता कयौ उजुरी र पिडकलाई कारवाही पनि भएका छन् । अहिले बरु दलितहरु आफुलाई भेदभाव मन नपर्ने हुँनाले आफै गैर दलितबाट टाढा हुने, गैर दलितको घरमा नजाने गए पनि केहि खाउ भन्दा नखाने गर्दछन् बरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गैर दलतले गरेको

शोषण एवं भेदभाव अनि अत्याचारको विरुद्द आवाज बुलन्द गर्न सक्ने भएका छन् कुनै गैर दलितलाई निर्धक्क रुपमा छुने एउटै टेवलमा बसेर खाने तँ तँ म म को व्यबहार गर्ने पाईयो । उनीहरु आफ्नो जिविको पार्जनको लागि गैर दलितको मुख नताक्ने, विदेश गएर वा स्थानीय स्तरमा कुनै व्यापार व्यायसाय संचालन गरेर भए पनि आफू धेरै मात्रामा सक्षम बनेका छन् । साहुँको जग्गा कमाउने, उनीहरुलाई हजुर हजुर भन्दै सेवामा हाजिर हुने प्रचलन लगभग अन्य नै भएको छ ।

त्यस्तै गैर दलितमा पनि विगतमा भन्दा बर्तमानमा केहि परिवर्तन आएको छ । उनीहरु एक त छुवाछुतको व्यबहार गरेमा आफुलाई कारवाही हुने डरले पनि आफै टाढा हुन्छन् । पुराना बुढापाका गैर दलितहरु दलितबाट बच्न वा छुन्छन भनेर आफ्नो घरमा नबोलाउने आए पनि खाना खाँउ भन्ने गर्दछन् । बरु मलाई मारुन म मेरो घर भित्र पस्त दिन्न भन्ने गर्दछन् । तर अहिलेका नयाँ पुस्ताका गैर दलितमा भने छुवाछुतको भावना हटेर गएको छ । उनीहरु आफ्नो वावा आमाको डरले दलित साथीलाई घरमा ल्याउदैनन् तर घर बाहिर संगै खाने बस्ने र हिडडुल गरी समान व्यबहार गर्दछन् । र प्रतयक्ष रुपमा छुवाछुत तथा जातभातको मतलव राख्दैनन् ।

## ५.१. आन्तरिक छुवाछुतः-

मूख्य कुरा आफ्नो हित एवं रक्षा अनि भलाईको लागि आफुनै सचेत र जारुग हुन आवश्यक पर्दछ । दलितहरुले आफु माथि हुने छुवाछुतको अन्त्यका लागि आफै सचेत हुनुपर्ने हुन्छ । आफुमा परिवर्तत ल्याएर मात्र अरुलाई पविर्तन गराउन सकिन्छ भन्ने भावनाको विकास दलितहरुमा हुनु पर्दछ । तर गोरखा जिल्ला बगुवा वार्ड नं.८ का दलितहरु भने उनीहरु बिचमै अर्थात दलित दलित बिचमा छुवाछुत कायम रहेको पाईयो । प्रत्यक्ष रुपमा नदेखिए पनि अप्रत्यक्ष रुपमा दमाईर म कामी सार्की भन्दा ठूलो र सार्कीले म दमाई कामी भन्दा ठूला् अनि कामीले सार्की दमाई भन्दा म ठूलो भन्ने गरेको पाईयो । जस्तो कि आज भन्दा करिव ७ बर्ष अगाडी दमैको छोराले् सार्कीको छोरी लगेको र उसलाई माईती पक्षले जहा भेट्यो त्याहि पिट्ने गरेको र अहिले सम्म पनि नस्वीकारेकोले पनि स्पस्ट हुन्छ की उनी हरु भित्रै आन्तरिक छुवाछुत विद्यमान छ ।

## ५.२. २०६२/०६३ को आन्दोलनले पारेको प्रभाव -

पुस्तौं देखी छुवाछुत जस्तो अमानविय व्यबहार गर्दै आएका गोरखा जिल्ला बगुवा ८ का दलितले २०६२/६३ को आन्दोलन पछि केहि राहतको महशुस गरेका छन् २०६२/६३ को आन्दोलन अनि देशमा निर्माण भएको संविधानले दलितको हक हित लाई केहि मात्रामा संवोधन गरेकोले पनि दलितहरुले आफु उपर हुने भेदभावलाई थोरै मात्रमा भए पनि अगाडी बढेर आवाज उठाउन सक्ने भएका छन् । कसैले आफुलाई होच्याएमा वा दलित भनेर छुवाछुतको व्यबहार गरेमा सिधै कानुनि उपचार गर्ने धम्कि दिन सक्ने भएका छन् जस्ले गर्दा पनि कानुनी कारवाही हुने डरले गैर दलितहरु भेदभाव गर्न एक कदम भए पनि पछि हटेको पाईन्छ प्रतयक्ष रुपमा सार्वजनीक स्थल जस्तै धारा विद्यालय, एवं मन्दीर भेदभाव नगरेको पाईन्छ ।

## ५.३. सामाजिक अवस्थामा आएको परिवर्तन

सामाजिक जीवनका हरेका पाटाहरुमा दलितहरु माथिको शोषण र भेदभाव व्याप्त छ । माथिल्लो जातिका भनिने व्यक्तिहरुले बहिष्करण जन्य स्थितिकै आधारमा समाजमा आफ्नो अधिपत्य जमाउन र दलितहरुलाई जहिले पनि शोषित अवस्थामा राख्न सफल रहेका छन् । जस्का कारण दलितहरु हरेक सामाजिक क्रियापलापहरुबाट टाढानै रहनु पर्ने स्थिति को निर्माण हुने गर्दछ । अध्ययन क्षेत्रामा विगत का दिनहरुमा यस्ता बहिष्करको सामाना यहांका दलितहरुले गर्नु पर्दथ्यो । तर समय परिवर्तन सँगै वर्तमान अवस्थामा यस अध्ययन क्षेत्रमा केहि परिवर्तनहरु आएका छन् जस्तै छोइछिटो हाल्ने चलन प्राय यस क्षेत्रमा नरहेको पाइयो । सामान्यतया दलित गैर दलितहरु केही मात्रामा भए पनि एक अर्कालाई विवाह, भोज, जस्ता शुभकार्यमा निमन्त्रण गर्ने गरेको पाइयो । साथै दलित र गैर दलितहरुका बच्चाहरु सँगै एउटै विद्यालयमा पढ्ने गरेको पाइयो । सामाजिक निर्माण का कार्यहरुमा दलित गैर दलितका युवाहरुले विभिन्न क्लब, समुहहरुको निर्माण गरेको पाइयो । अध्ययन क्षेत्रका दलित र गैर दलित बाहिरी व्यवहारबाट एकजुट भएको तथा छुवाछुतको व्यवहार नगरिएता पनि घर भित्रको छुवाछुतको व्यवहार भने कम नभएको २५ वर्षिय उत्तरदाताले बताए ।

## ५.४ आर्थिक अवस्थामा आएको परिवर्तन

इतिहास देखिनै दलितहरुलाई दासता र श्रममा रगट्नका लागि धन सम्पत्तिबाट वञ्चित गर्ने चलन चले को थियो । जस्को फलस्वरुप दलितहरु आज पनि अधिकांश रुपमा भुमि हीन सुकुम्बासीको रुपमा या ज्यादै थोरै जमीन भएका गरीब किसानको रुपमा रहेका छन् । आफ्नै जग्गामा खेती गरेर वर्षै भरी गुजारा गर्ने दलित किसानहरु को संख्या नगण्य रुपमा रहेको छ ।

अध्ययन क्षेत्रका दलितहरुको आर्थिक अवस्थाको कुरा गर्नु पर्दा यस क्षेत्रका दलितहरु प्राय सबैको आर्थिक अवस्था राम्रै देखिन्छ किन भने यस क्षेत्रका दलितहरु प्राय वैदेशिक रोजगारीका लागि भारत तिर गएको पाइन्छ । र केही गैर सरकारी संस्थाहरुमा कार्यरत भएको पाइन्छ । साथै राम्रो व्यापार व्यवसायहरु संचालन गरी बसेको पाइन्छ । आर्थिक स्थिति सुध्रिएका दलित भएका कारण यस क्षेत्रका गैर दलितहरु ठाढै यिनीहरु माथि छुवाछुतको व्यवहार त्यति नगरेको पाइन्छ ।

## ५.५. राजनैतिक फेरवदलले आएको परिवर्तन

नेपाल अधिराज्य को संविधान २०४७ ले सम्पुर्ण नागरिकलाई समान हक प्रदान गरेको छ । संविधानमा समान हकको प्रत्याभुति गरिएता पनि व्यवहारमा त्यस्तो विरोधाभाषपुर्ण कानुनी प्रावधान अझै पनि यथावत नै छन् । अर्को शब्दमा भन्दा कानुन एवं ऐन दलित र गैर दलित विरुद्धमा छ भन्दा फरक पर्दैन । राजनैतिक क्षेत्रमा पनि दलितहरु धेरै पछाडि परेका छन् ।

अध्ययन क्षेत्रका दलितहरुमा पनि न्युन दलितहरु राजनैतिक क्षेत्रमा लागेको पाइन्छन् । तर उत्तरदाताका अनुसार माओवादी जनयुद्धका बेलामा यस क्षेत्रमा छुवाछुतको व्यवहार धेरै कम हुने गरिन्थ्यो । डर त्रासका कारण ले गर्दा गैर दलित व्यक्तिहरु छुवाछुतको व्यवहार कम गर्ने गर्दथे । राजनैतिक परिवर्तनका कारण ले गर्दा यस क्षेत्रका दलितहरु छुवाछुतको विरोध गर्न प्रति जागरुक भएको पाइयो । जस्का कारण यस क्षेत्रमा छुवाछुतको अवस्थामा तब देखि केही परिवर्तन भएको पाइन्छ ।

## ५.६ कानुनी व्यवस्थाले ल्याएको परिवर्तन

छुवाछुतको अन्त्यका निम्ति विभिन्न दण्ड सजायंका कानुनी नियमहरु बनेका छन् तर पनि व्यवहार मा लागु नभएका कारण यस नियम कानुनको कुनै औचित्य छैन तर यदि कसै दलित ले सशक्त रुपमा आफु प्रति भएको छुवाछुतको व्यवहार को विरोध गर्दै कानुन को साहारा लिएको खण्डमा न्याय न पाइने चाहि होइन । पछिल्लो समयामा आएर अध्ययन क्षेत्रका दलितहरु पनि आफुहरु प्रति हुने

दुरव्यवहारको विरोध गर्ने र कानुन को मातहातबाट न्याय माग्ने गरेको पाइयो । जस्का कारण यस क्षेत्रका गैर दलितहरु आफ्नो इज्जत बचाउनका लागि पनि सार्वजनिक रुपमा दलितहरु प्रति छुवाछुतको व्यवहार कम गर्ने गरेको पाइयो । पुरानो पुस्ता भन्दा अहिलेका नयाँ पुस्ताले खरो तरिकाले छुवाछुतको निर्धक्कले विरोध गर्दछन ।

## ५.७ दलित भित्र को आन्तरिक भेदभावमा आएको परिवर्तन

यस क्षेत्रमा दलित भित्र पर्ने जाति जस्तै कामी, दमाई, सार्की, भुलहरु बसोबास गर्दछन् । नेपाली वर्णव्यवस्था का अनुसार यी जाती भित्र पनि सानो ठूलो जात हुने गर्दछ र त्यस भित्र पनि छुवाछुतको व्यवहार गरीन्छ । वडा नं. ८ बगुवाका दलितहरुमा पनि आन्तरीक भेदभाव भने रहेको पाइन्छ । यस क्षेत्रमा कामी जाति का दलितहरु आफु भन्दा तलका भनिने जात, दानकुटी, परियार, विश्वकर्मा र सुर्खेती को घरमा जाने, खाने बस्ने नगरेको पाइन्छ । उत्तरदाताहरुका अनुसार यस क्षेत्रका दलितहरुमा आन्तरीक भेदभाव रहेको  बताउंछन् । उनीहरु बिचकै आन्तरिक भेदभावले पनि छुवाछुतमा कमि आउन सकेको छैन । आजकाल आन्तरिक छुवाछुतमा केहि कमी आए पनि पूर्ण रुपमा उल्मुलन भने हुन सकेको छैन ।

### ५.७.१ विरोध

नेपाली समाजको कलंक को रुपमा रहेको छुवाछुत प्रथालाई अन्त्य गर्नका निम्ति विभिन्न नियम कानुन, नारा, संस्था, संगठनहरु बन्ने क्रम जारी नै छ । अध्ययन क्षेत्रका दलितहरु पनि छुवाछुत प्रथा को विरोध गर्ने पक्षमा देखिन्छन् । यस क्षेत्रका दलितहरुले गैरदलितहरुले गैर दलितबाट हुने दुरव्यवहार नसहने गरेको पाइयो । जस्तै दशैंमा काटिने रांगा खानु पर्ने, मन्दिर प्रवेशमा वञ्चित गराउने, गैर दलितलाई मालिक, मुखिया भनि बोलाउनु पर्ने जस्ता कुराको विरोध गरेको पाइयो । छुवाछुतको दुरव्यवहारबाट टाढा रहन को निम्ति यस क्षेत्रका दलितहरुले गैरदलित व्यक्तिहरु सँगै खासै कुनै पनि किसिम को लेनदेनको सम्बन्ध नराखेको पाइन्छ । गैर दलितको घरमा पशुमरेमा दलितले लगेर खाने गर्दथे तर अहिले यो चलन पूर्ण रुपमा हटेको छ । कसैले मरेको पशुलैजा भन्दा उनीहरु ठाडै विरोध गर्दछन् र कानुनी रुपमा कारवाही गर्ने चेतावनी समेत दिन्छन् । उनीहरु गैर दलितबाट हेपिनुभन्दा आफूले उनीहरुको टाढा रहन खोज्छन् ।

## ५.८ रीति भाग्य प्रथामा आएको परिवर्तन

विगतमा दलितहरुले आफु भन्दा ठुला जात का मानिसहरु अर्थात बाहुन, क्षेत्री वा नेवारहरुलाई ‘विष्ट’ बनाउने चलन थियो र अझै पनि पहाडी क्षेत्रमा यो प्रथा अझै पनि छ । साल भरी काम गरे

बापत आफुलाई चाहिने आवश्यक वस्तुहरु जस्तै धान, गहुं, साग तरकारीहरु 'विष्ट' कहा माग्ने गर्दथे तर वर्तमान अवस्था मा यस प्रथामा परिवर्तन आएको देखिन्छ । उक्त रीति भाग्य प्रथामा आएको परिवर्तनले दलित र गैर दलित बीचको सम्बन्ध पहिलेको जस्तो नरहेको अर्थात पहिला दलितहरु आर्थिक कामकाजमा गैर दलितहरुमा आश्रित रहन्थे तर अहिले दलितहरु आफैंमा आत्मनिर्भर भई ज्यालामजदुरीको काम गर्ने, आफ्नै व्यवसाय सञ्चालन गर्ने गरेको पाइन्छ । त्यस्तै यस अध्ययन क्षेत्रका दलितहरुले पनि यसै क्षेत्रका बाहुन, क्षेत्री, नेवारहरु लाई 'विष्ट' बनाएका थिए तर अहिले आएर सबैले यस चलनलाई छाडेको पाइयो । यहांका दलितहरु आ-आफ्नो स्वरोजगार का कामहरु गर्ने गरेको पाइयो । परम्परागत पेशालाई व्यवसायिक बनाई काम गर्ने गरेको पाइयो । गैर दलित हरु माथि आर्थिक निर्भर नभएका कारण उनीहरु को अधिनमा रहनु आवश्यक ठान्दैनन् यस क्षेत्रका दलितहरु ।

## ५.९ परम्परागत सोचमा परिवर्तन

दलितहरु विभिन्न परिस्थितिका कारण मात्र नभएर धार्मिक कारणले पनि दलित समाज पछाडी परेको ठान्दछन् । आफु भगवानबाट ठगिएको । अभागी भएको महसुस गर्दछन् तर पछिल्लो पुस्ता का शिक्षित दलित युवाहरुमा भने यो सोच रहेको पाइदैन । आफु पनि अन्य मानिस जस्तै भएकाले शिक्षा को ज्ञान र अवसर पाएमा अन्य जाति सरह आफुहरु पनि प्रगति गर्न सक्छौं भन्ने भावना रहेको देखिन्छ । अध्ययन क्षेत्रका प्राय सबै युवाहरु राम्रो अवसर, कामको खोजितर्फ उन्मुख भएका देखिन्छ र छुवाछुत प्रथाको विरोध गर्ने काम मा बढी सक्रिय भएका देखिन्छन् ।

## ५.१० अन्तरजातिय विवाह

नियम कानुन का अनुसार नेपाली समाजमा अन्तरजातिय विवाह गर्ने व्यक्तिलाई विभिन्न पुरस्कार को व्यवस्था गरिएको छ । यस्तो व्यवस्था बनाउन को मुल उद्देश्य एउटै हो त्यो हो जातिय छुवाछुत प्रथा कम गर्न तर नियम कानुन मा लेखेको कुरा व्यवहार मा उतार्न त्यति सजिलो छैन र त्यसमा पनि बाहुन, क्षेत्री, नेवारहरुले यस्तो व्यवस्था स्विकार्न सक्ने कुरा असजिलै छ । यस अध्ययन क्षेत्रमा पनि तीन ओटा युवा जोडीहरुले अन्तरजातिय विवाह गरेको पाइयो । जस्को कारण ठुलै झडपनै सृजना भयो दलित र गैर दलित बिच । यस बगुवा वडा नं. ८ मा तर विभिन्न डर धम्कि का बाबजुद पनि ति जोडिहरु अलग नभएको बताउँछन् उत्तरदाता भक्त बहादुर दानकुटी ।

## ५.११ शैक्षिक क्षेत्रमा आएको परिवर्तन

शिक्षा मानवका लागि गाँस, वास, कपास सरह आवश्यक छ । दलित विगतका दिनहरुमा शोषित, दमित र पिडीतहरुको कारण शिक्षाको कमी पनि एक हो । अध्ययन क्षेत्रका दलितहरुमा पुरानो पुस्ता

अझै पनि अशिक्षित नै छन् तर युवा पुस्ता भने प्राय सबै शिक्षित भएको पाइन्छ । गैर दलित र दलित का शिक्षित युवा पुस्ता हरुमा भने छुवाछुत कम हुने गरेको पाइन्छ यस अध्ययन क्षेत्रमा ।

## ५.१२ सामाजिक आवश्यकता

एउटै समाज, टोल, छिमेकमा बसिसके पछि एक अर्कोको सहयोग मद्दत गर्नु स्वभाविक हुन्छ । यस अध्ययन क्षेत्रका गैर दलित र दलितहरुलाई पनि सामान्यतया एक अर्को को मद्दतको खाँचो पर्ने गर्दछ । त्यस अवस्थामा गैर दलितहरु प्राय आफ्नो घरको कामहरु जस्तै पानी को कल बनाउनु परेमा, घरको झ्याल, ढोका बनाउनु परेमा, बिजुली बत्तिहरु बनाउनु परेमा दलितहरुबाट गराउने गर्दछन् । ती काम गर्ने बेला दलितहरुलाई घर भित्र पस्न दिइन्छ, पानि को कल छुन दिइन्छ । त्यस अवस्थामा गैर दलितहरुबाट छुवाछुत नगरेको पाइन्छ उत्तरदाताहरु का अनुसार ।

## ५.१३ जागरुक्ता

नेपाली समाजमा दलितहरु सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, कानुनी सम्पुर्ण क्षेत्रमा पछाडी परेका छन् । विगत का दिनहरु दलितहरुलाई दलित बन्नु भनेको पुर्व जन्मको पाप हो भन्ने जस्ता कुरा सिकाएता पनि वर्तमान अवस्थामा आएर दलितहरु ले वास्तविक्ता बुझिसकेका छन् । अध्ययन क्षेत्रका दलितहरु पनि छुवाछुतको अन्त गर्नु पर्छ भन्ने कुराहरुमा जागरुक भएको देखियो । कुनै पनि दलित माथि गैर दलितले दुरव्यवहार गरेको खण्डमा सम्पुर्ण दलितहरु मिलि त्यसको विरोध गरेर गैर दलितलाई गल्तीको प्रयश्चित गराइ दण्ड जरिवाना गराउनु गरेको पाइयो । जसले गर्दा दलितहरुमा जागरुकता र चेतनाको विकास भएको पाइयो । उनीहरु लाइ दलित भनि अपहेलीत गरेको खण्डमा सहेर बस्नु हुंदैन आफ्नो सम्मानका लागि र आफ्नो अधिकारका लागि आफैं लड्नु पर्ने रहेछ भन्ने चेतनाको विकास भएको पाइयो । कुनै पनि सार्वजनिक स्थल वा कुनै पनि व्यक्ति जातकै आधारमा छुवाछुत गरेमा वा रोकतोक गरेमा यस्ता कार्यलाई कानुनले दण्ड सजायको व्यवस्था गरेको छ भन्ने जानकारि दलित वर्गमा रहेको पाइयो । यसरी जागरुकताको स्तर बृद्धिले दलितहरु पनि संगठित भएको पाइयो । त्यस्तै दलित भनेको कुनै अछुत होईन यो त बेवल मानिसले एवं आर्य भनिने ठूला जातले आफ्नो स्वार्थ परिपुर्ति गर्नका निमित्त निर्माण गरेको स्तर रहेछ । यस्लाई हामिले सहेर बस्नु हुदैन बरु यसको सबै एकजुट भई बिरोध गर्नु पर्दछ र भेदभाव गर्नेलाई कानुनी दायरामा ल्याउनुपर्दछ । जसले गर्दा दलितको हक हित सुरक्षीत हुन्छ र अघि बढ्न सकिन्छ भन्ने भावनाको विकास याहाका दलितमा पनि भएको पाईयो । कुनै एक दलितलाई गैर दलितले भेदभाव गरेमा वा होच्याएमा सबै मिलेर त्यसको विरोध गर्ने र सम्बन्धीत निकायमा उजुरी गर्ने गरेको पनि पाईयो । बुढापाका दलितलाई पनि उनीहरुका सन्तानले

छुवाछुत भनेको कुनै पूर्व जन्मको फल होईन हामी पनि अरु सरह मानिस नै हो भन्ने भावनाको विकास गराएको पाईयो ।

# अध्याय-छ

# सारांश एवं निष्कर्ष

## ६.१ सारांश

नेपालमा बसोबास गर्ने प्रमुख चार जातिहरु मध्य एक जाति हो दलित जाति । दलित भन्नाले दलिएर रहेको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक सबै जातीय आधारमा हेपिएर रहेको, गरिबीको रेखामुनि परि बाच्न विवश, समाजका हुनेखाने वर्गको सामु अपहेलित भई बाचिरहेका उपेक्षित वर्गहरुलाई दलित भनिन्छ । आज नेपालको पुर्व मेचि देखि पश्चिम महाकाली सम्म दलित समुदाय छरिएर बसेको पाइन्छ । त्यस मध्य दलितहरुको वाक्लो वसोबास भएको क्षेत्र पश्चिमको गोरखा जिल्ला पनि एक हो । त्यसमा पनि गोरखा जिल्लाको बगुवा गा.वि.स. वडा नं. ८ का दलितहरुको विद्यमान छुवाछुतका अवस्था र त्यसमा आएको परिवर्तनका बारेमा यो सोधपत्र केन्द्रित रहेको छ ।

यस अध्ययनका निर्धारित उद्देश्यहरु परिपुर्ति गर्ने विवरणात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ भने आवश्यक तथ्याङ्कहरु प्राथमिक र द्वितीय स्रोतबाट लिइएको छ । जहां प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिकिकरण गरी प्रतिशत निकालेर विश्लेषण गरिएको छ । अध्ययनलाई बढी सार्न्दभिक बनाउन निश्चित सीमामा रहेर अध्ययन गरिएको छ ।

बगुवा वडा नं. ८ मा दलितहरुको बाक्लो बसोबास रहेको छ । आदिवासी दलितहरुको कुल जनसंख्या यस क्षेत्रमा १६३ रहेको छ । जसमा ३५ घर परिवारहरु रहेका छन् । अध्ययनको सरलताको लागि १५ घरपरिवार का व्यक्तिहरुलाई उत्तरदाताका रुपमा समावेश गरि यस अध्ययनको विषय वस्तुको बारेमा जानकारी प्राप्त गरिएको छ ।

दलित जाति भित्र पर्ने विश्वकर्मा, दानकुटी, परियार सुर्खेती थर भएका दलितहरु यस क्षेत्रमा बसोबास गर्दछन् । जसमा दानकुटी थर भएका दलितहरु अरु दलितहरुको भन्दा बढी संख्यामा रहेका छन् । सामान्यतया आर्थिक अवस्था राम्रै भएका यस क्षेत्रका दलितहरु वैदेशिक रोजगारी र गैर सरकारी संस्थाहरुमा कार्यरत भएको पाइन्छ । खेती योग्य जमीन प्राय यहाका दलितहरुसँग कम रहेको पाइन्छ बरु व्यापार व्यवसायहरु गरी राम्रो आम्दानी गरेको पाइन्छ ।

अध्ययन क्षेत्रको विद्यमान छुवाछुतको अवस्थाका बारेमा भन्नु पर्दा यस क्षेत्रका दलितहरु छुवाछुतको व्यवहार बाट सामान्यतया पिडित नै रहेको पाइन्छ । दलित र गैर दलितहरु बिच छुवाछुतका विषयमा समय समयमा यस क्षेत्रमा विवाद परिरहेको पाइन्छ । विवाह वर्तबन्ध जस्ता शुभ कार्यहरुमा दलित तथा गैर दलितहरु एक अर्का कहाँ जाने गर्दैनन् । दलितहरु छुवाछुतको दुरव्यवहार बाट बच्नका निम्ति गैर दलित व्यक्तिहरुसँग बढी जसो घनिष्टता नराख्ने गरेको पाइन्छ । राजनैतिक क्षेत्रमा यस

अध्ययन क्षेत्रका दलितहरुको उपस्थिति ज्यादै न्युन रहेको पाइन्छ । तर पनि दलित युवाहरुले भने विभिन्न समुह, क्लबहरु को स्थापना भने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रका दलितको आन्तरिक छुवाछुतको बारेमा भन्नु पर्दा यस क्षेत्रका सम्पुर्ण दलितहरु एक अर्का प्रति छुवाछुतको व्यवहार गर्ने गरेको पाइन्छ जस्तै कामी, सार्की, दमाई एक अर्काका घरमा नजाने नखाने बस्ने तर एक अर्कामा नाता साइनो लगाएर बोलाउने गर्दछन् । अध्ययन क्षेत्रको वर्तमान अवस्थामा छुवाछुतको व्यवहार मा आएको परिवर्तनको बारेमा भन्नु पर्दा यस क्षेत्रका दलितहरु छुवाछुत प्रथाको विरोध गर्न तर्फ शसक्त भएको पाइन्छ । यस अध्ययन क्षेत्रमा चार ओटा जोडीले अन्तजातिय विवाह गरेका छन् । आर्थिक अवस्था सुधार्न तर्फ लागेका यस क्षेत्रका प्राय युवा दलितहरु शिक्षितनै छन् । र गैर दलितका युवाहरु पनि प्राय छुवाछुतको व्यवहार नगर्ने गरेको पाइन्छ । विद्यालय, पसल, जस्ता सार्वजनिक क्षेत्रहरुमा यस अध्ययन क्षेत्रका दलितहरु प्राय स्वतन्त्र नै छन् । विगत भन्दा वर्तमान अवस्थामा आएर यस अध्ययन क्षेत्र बगुवा वडा नं. ८ का दलितहरुले आफु प्रति हुने छुवाछुतको व्यवहारको विरोध गर्ने र स्वयं आफैंमा पनि चेतनाको विकास भएको पाइन्छ ।

## ६.२ निश्कर्ष

यो अध्ययन गोरखा जिल्लाको बगुवा गा.वि.स. वडा नं. ८ मा बसोबास गर्ने दलित समुदायमा केन्द्रित रहेर उक्त समुदायमा विद्यमान छुवाछुतको व्यवहार र त्यसमा आएको परिवर्तन का बारेमा यो अध्ययन गरिएको छ । सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र राजनीतिक क्षेत्रबाट अयोग्यताका सिकार भएका दलितहरु थुप्रै क्षेत्रबाट अपहेलित भएका छन् । ती भेदभावहरु उच्च जातिहरु द्वारा परम्परागत रुपमा निर्धारित र सामाजिक रुपमा लागु गरिएका भेदभाव हुन् । नेपालमा प्रजातन्त्रको उदय सँगै छुवाछुतको प्रथालाई वैधानिक रुपमै समाप्त गरिएको छ । दलितहरुका लागि यो महान परिवर्तन हो । तर छुवाछुत प्रथाको अन्त्य भएको घोषणा गर्दैमा दलितहरुका सामाजिक उत्पीडनहरु पनि समाप्त भए भन्ने कुरा मान्न चाहि सकिदैन । किनभने आज भोलि पनि दलितहरुलाई गैर दलितहरुले आफ्नो घर भित्र प्रवेश गर्न नदिने, दलितहरु सगैं बसेर खाना नखाने अवस्था विद्यमान छ । त्यस्तै बुढापाका हरुमा दलितहरु प्रति रहेको पुरानो सोचाइमा परिवर्तन नआएको कारण छुवाछुत प्रथा कानुनमा हटाइए पनि व्यवहारमा भने हटेको पाइदैन ।

यस अध्ययन क्षेत्रका दलितहरु मात्रै नभएर सम्पुर्ण दलित समुदाय सबै भन्दा बढी उत्पीडित सामाजिक क्षेत्रमा छन् । उनीहरुलाई उपल्ला जातिबाट घृणाका दृष्टिले हेरिन्छ । उनीहरुले उपल्ला जातिलाई स्पर्श गर्न त परै जाओस उनीहरुको छाया समेत पर्न नहुने मान्यता राखिन्छ । त्यसैले उनीहरु

लाई होटल, जलपानगृह रेष्टुरेन्ट आदिमा उनीहरुलाई सहजै प्रवेश गर्न दिइदैन । दलितहरुको बस्ती पनि ठुलावडाको बस्ती भन्दा टाढै राखिन्छ । एउटा दलित गैर दलितको बस्तीमा आएर बस्यो भने उस्लाई त्यहां बसि नसक्नु हुन्छ रातदिन उसलाई अछुत भनिन्छ । दलितहरु आफ्नो इच्छा अनुसारको पेशा चयन गर्न पाउदैनन् । उनीहरुको इच्छा होटल, रेस्टुरेन्ट सञ्चालन गर्ने हुंदा हुदै पनि दलित भएका कारण उसले त्यो व्यवसाय गर्न पाउदैनन् । त्यहि भएर अधिकांश दलितहरु व्यवसाय गरे पनि होटल, रेष्टुरेन्ट, खाजा घर, किराना पसलहरु सञ्चालन नगरी बरु फेन्सि स्टोर, फर्निचर, जस्ता व्यवसाय हरु गर्दछन् जहा छुवाछुतको कुरा आउंदैनन् ।

धार्मिक क्षेत्रमा दलितहरु अत्यन्तै उत्पीडित छन् । उनीहरु हिन्दु भएर पनि हिन्दुका मन्दिरमा प्रवेश गर्न पाउंदैनन् । धार्मिक उपदेश सुन्न पाउंदैनन् । उनीहरुका धार्मिक कर्ममा ब्राहमणहरुले पुरोहित बन्न स्वीकार गर्दैनन् । त्यसै गरी राजनीतिक क्षेत्रमा पनि दलितहरु पछाडीनै परेका छन् । राजनीतिमा लागेका दलितहरुलाई उम्मेदवार बनाउन पनि आनाकानी गरिन्छ । उम्मेदवार बनाइहाले पनि दलितहरु को मात्र नेतृत्व गर्न लगाइन्छ ।

अध्ययन क्षेत्रका हकमा यि सबै कुराहरु लागु भएको देखिन्छ । समय परिवर्तन सँगै केहि मात्रामा बाहिरी देखाइमा गैर दलित व्यक्तिहरुले छुवाछुत नगरेको पाइन्छ जस्तै आज भोलि पसल, चौतारो, समुह, सामाजिक कुनै पनि किसिम का सार्वजनिक कार्यहरुमा तर घर भित्रभने आफ्नो परम्परा लाई त्याग्न सकेका छैन । दलितहरु पनि आफु भित्र को आन्तरिक छुवाछुतको भावना लाई भने नत्यागेको पाइयो । तर वर्तमान अवस्थामा आएर दलितहरुमा आर्थिक सुधार, शिक्षाको विकास, जागरुकता, चेतना को विकासले गर्दा उनीहरु लाई आफु प्रति हुने अन्याय को विरोध गर्न सक्षम बनाएको पाइयो । तर यस को अर्थ छुवाछुत अन्त्य भएको भने होइन केवल छुवाछुत व्यवहार को स्वरुपमा मात्र परिवर्तन आएको हो ।

नेपालमा छुवाछुतमा अन्त्य हुन अझै समय लाग्ने जस्तो देखिन्छ । यस को अन्त्य गर्न सरकारी, गैर सरकारी, सरकारका स्थानीय निकायहरु, प्राध्यापक, वुद्धिजीविहरु जुटेर लाग्नुपर्ने देखिन्छ । आर्थिक उन्नतिका अवसरहरुको सृजना गरी यिनीहरुको अवस्थालाई सुधार गर्नुपर्ने , शैक्षिक उन्नतिका कार्यक्रमहरु सञ्चालन गरी शिक्षामा यिनीहरुलाई अभिरुचीका साथ सहभागी गराइनु पर्ने साथै कानुनहरु कागजमा मात्र नभई व्यवहारि रुपमा उतार्न राज्य, यसका अदालतहरु अनि यसका स्थानीय निकायहरु वास्तविक रुपमा लाग्नु पर्ने हुन्छ । मुख्य कुरा दलितहरु भित्रको आन्तरिक छुवाछुतको कारणले पनि छुवाछुतीय भेदभाव उनमुलनमा समस्या परेको छ । दलितहरु (दमाई, कामी,सार्की ) एक जुट भएर आफुमाथि हुने भेदभावको विरोध गर्न सक्षम बनेका छैनन् । उनीहरु भित्र नै तँ भन्दा म के कम भन्ने भावनाको अन्त्य भएको छैन । मूलतः आफ्नो स्वतन्त्र भलाईको लागि दलितहरु नै एक भएर लाग्नुपर्ने

देखिन्छ । गैर दलितले सार्वजनिक स्थलमा छुवाछुतको व्यबहार प्रत्यक्ष रुपमा नदेखाए पनि अहिले सम्म कुनै पनि दलितले गैर दलितको घरमा प्रवेश पाएका छैनन् । पुराना बुढापाका गैर दलितले बरु हामि मर्न तयार छौ तैपनि हाम्रो घर भित्र पस्न दिदैनौ र छोएको खादैनौ भन्ने गरेको पाईयो । अहिलेका नयाँ पुस्ता गैर दलित आफ्ना दलित साथिभाई संगसंगै खाने बस्ने गरे पनि आफ्ना अभिभावकहरुको अगाडी भने छुवाछुतको व्यबहार देखाउछन् । गैर दलितको घरमा भोजभतेरका कार्यक्रम भएमा दलितलाई खुवाउनको लागि छुट्टै ठाँउको व्यबस्था गरिन्छ कि त निम्ता नै गरिदैन किनकि अहिले समाजमा परिवर्तन आएको छ र छुवाछुत विरुद्ध आवाज उठ्ने भएकोले बरु निम्तो नै नगर्न राम्रो ठानेर गैर दलितले त्यस्तो व्यबहार देखाउन थालेका छन् । यहि कुनै दलित गैर दलितको घरमा खाना खाएमा उसलाई आगनमा राखेर खुवाईन्छ  र दलितले आफुले आएको भाडा माजेर जान्छन् । तर यो पुराना दलितले मात्र गर्दछन् नयाँ पुस्ताका दति भने आफुमाथि छुवाछुतको व्यबहार हुन र त्यसको सामाना गर्नु भन्दा गैर दलितको घरमा खाननै जादैनन र आफ्नो अभिभावक गए पनि नजान भन्छन् ।

त्यस्तै मन्दीर प्रवेशमा दलित माथि प्रतयक्ष भेदभाव नगरे पनि दलित मन्दीर भित्र पसेको देखेमा गैर दलित टाढै बस्ने र उनीहरु गई सके पछि मन्दीरको सफाई गरेर पुँजाआजा गर्ने गर्दछन् । त्यस्तै कुनै पनि चाडवाड मनाउदा दलितहरु गैर दलितहरु संग संगै मनाउदैनन् । उनीहरु आफ्नो समुदाय भित्रै मनाउने गर्दछन् । दलित माथिको छुवाछुतलाई अहिलेका नयाँ पुस्ता र राजनैतिक प्रतिनिधिले भन्दा पनि पुराना बुढापाकाले बढि निरन्तरता दिएको पाईयो ।

तस्तै गोराखा जिल्ला बगुवा गा.वि.स.वार्ड नं.८ मा दलित र गैर दलितको बिचमा चार वटा जोडीको मात्र प्रेम विवाह भएको पाईयो तर उनीहरुलाई गैर दलितको परिवारले अस्वीकार गरेको पाईयो । शुरुमा ति जोडीलाई छुटाउने प्रयासगरे पनि त्यो सम्भव नभएको तर भेटाएमा उनीहरुलाई कुटपिट गर्थे यस्तो सन्तान हुनुभन्दा त मरेकै वेश हुन्थ्यो भन्नु उनीहरु खुलेआम गैर दलितको वरीपरी हिड्न बोल्न डराउने गरेको जस्तो व्यबहार पाइृयो ।

पहिलै देखी जमिनमा कम स्वामित्व रहेका दलितहरुको जग्गा जमिन अत्यन्त कम रहेको तयसमा पनि खेत एकदमै  कम र पाखो बारी जसमा उत्मादन कम हुने जमिन धेरै रहेको पाईयो जसको उत्पादनले अधिकांस परिवारलाई तीन महिना खान पनि धौ धौ हुने अवस्था अध्ययनमा पाईयो । त्यसैले पहिले पहिले दलितहरु आफ्नो विहान वेलुकाको छाकटार्न गैर दलितको जग्गा कमाउने गर्दथे भने अहिलेका युवा पुस्ता भारतमा रोजगरीको लागि जाने, खाडिमुलुकमा जाने र केहि सरकारी जागिरमा संलग्न (सेना, प्रहरी) केहि भने राजधानी लगाएतका सहरमा रोजगारी गरेर आफ्नो दैनिकि चलाएको तर गैर दलित काहाँ होपिने डरले काम गर्न नजाने गरेको पाईयो । दलितहरुलाइृ नगद तथा जिन्सिको

आवश्यक परेमा आफ्नै समुदाय भित्र सरसापट गर्ने गरेको र कोहि कोहिले अलि शिक्षित र भेदभाव नगर्ने गैर दलित संग पनि सरसापट गरेको पाईयो ।

दलित मुक्तिको लागि जस्तो सुकै आवाज उठाए पनि बगुवा वार्ड नं ८ का दलितहरु राजनिति रुपमा सक्रिय कार्यकर्ताको रुपमा नरहेको पाईयो । अहिलेका नयाँ पुस्ताले दलित विरुद्धको भेदभावलाई अन्त्य गर्नु पर्ने बिचार व्यक्त गर्ने गरेको भए पनि खासै माथिल्लो तहमा राजनैतिक सहभागिता नरहेको पाईयो ।

# <u>अन्तरवार्ता चेकलिष्ट</u>

उत्तरदाताको नामथर

उमेर

परिवार संख्या

१) आज भन्दा २० वर्ष अघि तपाई को सम्भmना मा यस क्षेत्रमा छुवाछुत कस्तो थियो ?

(क) बढी थियो (ख) कम थियो (ग) ठिकै थियो

२) वर्तमान अवस्थामा यस ठाउ"मा छुवाछुतको अवस्थामा परिवर्तन आएको छ ?

(क) आएको छ (ख) आएको छैन

३) आएको छ भने कसरी आयो ?

(क) राजनैतिक परिवर्तन (ख) दलहरु आफै सचेत भएर (ग) गैर दलितमा चेतना आएर

४) हाल आएर छुवाछुत छ कि छैन ?

(क) छ (ख) छैन

५) त्यो अभmै किन हट्न सकेको छैन ?

(क) गैर दलितको परम्परागत सोचले (ख) दलहरु चेतनाको कमिले (ग) कानूनको कमिले

६) आजभोली मन्दिर, खाजा पसल, स्कुल, पानी पधेरोमा छुवाछुत छकी छैन ?

(क) छ (ख) छैन (ग) कमि भएको छ

७) आज भोली के तपाई सजिलै मन्दीर प्रवेश गर्न पाउनु हुन्छ ?

(क) पाईन्छ (ख) पाईदैन

८) मन्दीर प्रवेश गर्दा तपाईलाई रोक टोक हुन्छ की हुदैन ?

(क) हुन्छ (ख) हुदैन

९) यदी हुन्छ भने को बाट हुन्छ ?

(क) गैर दलितबाट (ख) राजनैतिक प्रतिनिधिबाट

१०) तिज मनाउदा तपाईहरु माथिल्ला जातका महिलाहरु संग मनाउनु हुन्छ या अलग अलग मनाउनु हुन्छ ?

(क)  संगै मनाउछौ    (ख)  अलग अलग मनाउछौ

११)  राजनैतिक पार्टीका नेताहरु तपाईसंग छुवाछुतको भेदभाव राख्छन की राख्दैनन् ?

(क)  राख्छन    (ख)  राख्दैनन्   (ग)  अप्रत्यक्ष रुपमा राख्छन

१२)  तपाईहरु दलित बिचमा छुवाछुत छ की छैन  ?

(क)  छ   (ख)  छैन

१३)  तपाईहरु आफैमा किन छुवाछुत राख्नु हुन्छ  ?

(क)  पुरानो चलन      (ख)  छिमेकीको डरले

१४)  तपाईहरुलाई गैर दलितको घर भित्र जान दिन्छकी दिदैनन् ?

(क)  दिन्छन     (ख)  दिदैनन

१५)  गैर दलितको घर भित्र गए पछी त्यहा कस्तो अवस्था आउछ ?

(क)  झै (ख) झगडाको स्थिति पैदा हुन्छ   (ग)  सामान्य हुन्छ

१६)  गैर दलितको घरमा भोजभतेरमा तपाईको संलग्नता हुन्छ की हुदैन ?

(क)  हुन्छ   (ख)  हुदैन    (ग)  कम मात्रामा हुन्छ

१७)  भोज भतेरमा संलग्नता भए त्यहा छुवाछुत हुन्छ की हुदैन ?

(क)  हुन्छ  (ख)  हुदैन

१८) भोज भतेरमा तपाईलाई खाना काहा खुवाउछ  ?

(क)  गैर दलित संग    (ख) छुटै घर बाहिर

१९) गैर दलितको घरमा गएर खाना खाएपछी त्यो भाडा माझ्नु हुन्छकी हुदैन  ?

(क)  माझ्नु पर्छ    (ख)  माझ्नु पर्दैन

२०) तपाईले माझेको भाँडा सिधै गैर दलितले घर भित्र लान्छन  ?

(क)  सिधै लान्छन    (ख)  छिटो हालेर    (ग)  आगो पानी हालेर लान्छन

२१) तपाईको ठाउमा दलित र गैर दलितको बिचमा माया प्रेम बिहेवारी भएको छ की छैन ?

(क)  भएको छ  (ख)  भएको छैन

२२) दलित र गैर दलित बिचको बिवाहलाई घर परिवारले स्वीकारेका छन  ?

(क) स्वीकारेका छन (ख) स्वीकारेका छैनन्

२३) तपाईको आम्दानीको प्रमुख श्रोत के हो ?

(क) खेतिपाती (ख) परम्परागत पेशा (ग) नोकरी (घ) ज्याला मजदुरी

२४) तपाईको जमिन कति छ ?

२५) तपाईको परिवारलाई आफ्नो जमिनको उत्पादनले वर्षभरी खान पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

२६) तपाईको जमिनको आम्दानीले कति महिना खान पुग्छ ?

२७) तपाईको परिवारमा कोही सक्रिय रुपमा राजनितिमा लाग्नु भएको छ ?

२८) तपाईलाई नगद तथा जिन्सी आवश्यक परेमा गैर दलितसँग माग्नु हुन्छ कि हुँदैन ?

२९) राजनैतिक दलका प्रतिनिधिले तपाईहरुलाई कस्तो व्यवहार गर्दछन्

# सन्दर्भ ग्रन्थ सूची

आहुति, १११ (२०६७), नेपालमा वर्णव्यवस्था र वर्ग सङ्घर्ष । ललितपुर : समता फाउण्डेशन ।

कोइराला, विद्यानाथ (२०६२), नेपाली समाजमा दलित । काठमाडौं : आत्मनिर्भर विकास मञ्च ।

क्याम्रोन, म्यारी (२०१०), दलित अफ नेपाल । काठमाडौं : शोसल साइन्स बाहा ।

खरेल, सम्बृद्धि (२०६९), दलित पहिचान र प्रतिरोध । काठमाडौं : ल्यानकाउ नेपाल ।

थरोट, सुखदेव (२०६९),सत्ता विमर्श र दलित । ललितपुर : समता फाउण्डेशन ।

पाण्डेय, मधुसुदन(२०६४), नेपालका दलितहरु । काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, डि.आर (२०६२), नेपाली समाजमा दलित । काठमाडौं : आत्मनिर्भर विकास मञ्च ।

बि.क., नारायण (२०६२), नेपाली समाजमा दलित । काठमाडौं : आत्मनिर्भर विकास मञ्च ।

भट्टचन, कृष्ण (२०६५), नेपालमा जातिय भेदभाव DNF-Nepal NNDSWO Kathamandu IIDS Delhi and IDSN Copenhagen ।

मिश्र, चैतन्य (२०६७), नेपालमा वर्ण व्यवस्था र वर्ग सङ्घर्ष । ललितपुर : समता फाउण्डेशन ।

शर्मा, प्रयागराज (२००४), The state and society in Nepal Historical Foundation and Contemporary trends. काठमाडौं : हिमाल बुक्स ।